# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ३१ | काठमाडौं | शनिबार, १० जेठ २०८२ | Prabhab National Daily | Saturday, May 24, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

# तीनकुने घटनाका प्रतिवादी १०८ जना



सम्पूर्ण अनुसन्धान पूरा गरी हामीले बिहीबार साँझ सरकारी वकिलको कार्यालयमा प्रतिवेदन बुझाएका छौं । आइतबारबाट सरकारी वकिलको कार्यालयले कारबाही अगाडि बढाउँछ होला ।

■ अपिलराज बोहोरा
प्रवक्ता, काठमाडौं प्रहरी परिसर

■ प्रभाव संवाददाता

**काठमाडौं–** गत चैत १५ गते काठमाडौंको तीनकुनेमा आयोजित राजावादी समूहको प्रदर्शनका क्रममा भएको हिंसात्मक घटनामा दोषी रहेको आरोपमा १०८ जनाविरुद्ध मुद्दा चलाउन प्रहरीले सरकारी वकिलको कार्यालयलाई रायसहितको प्रतिवेदन बुझाएको छ । बिहीबार साँझ सरकारी वकिलको कार्यालयलाई प्रतिवेदन बुझाएको काठमाडौं जिल्ला प्रहरी परिसरका प्रवक्ता अपिलराज बोहोराले बताए ।

राजसंस्था पुनर्स्थापनाको माग राखी भएको प्रदर्शनका क्रममा गरिएको आगजनी र तोडफोडबाट भएको क्षतिको पूर्णविवरण आफूहरूले बुझाएको बोहोराले बताए । 'हामीले हिजो (बिहीबार) साँझ फाइनल रिपोर्ट बुझाएका हौं,' बोहोराले प्रभावसँग भने ।

दुर्गा प्रसाईंसहित पक्राउ परेकाहरूलाई कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, राजद्रोहको कसुर, आपराधिक उपद्रव, संगठित अपराधलगायतको मुद्दा चलाउनुपर्ने राय प्रहरीले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ ।

प्रहरीको उक्त अनुसन्धान प्रतिवेदन अध्ययन गरेपछि कसलाई कस्तो मुद्दा चलाउने, को-को प्रतिवादी हुने भन्ने यकीन टुंगो भने सरकारी वकिल कार्यालयले लगाउने छ । 'आइतबारबाट सरकारी वकिलको कार्यालयले कारबाही अगाडि बढाउँछ होला,' काठमाडौं प्रहरीका प्रवक्ता बोहोराले भने ।

संगठित अपराधको कसुरमा पक्राउ परेको मितिले ६० दिनभित्र मुद्दा अदालतमा पुगिसक्नु पर्ने हुन्छ । प्रसाईं नेतृत्वको समूहले गरेको आन्दोलनमा प्रहरीले ५८ राउण्ड गोली चलाएको र ती गोली लागेर २० जना घाइते भएका थिए । प्रदर्शनकारीको आक्रमणमा परी ५५ नेपाल प्रहरी २३ सशस्त्र प्रहरी र प्रहरीको बल प्रयोगबाट ५३ जना प्रदर्शनकारी घाइते भएका थिए ।

क्रमशः पृष्ठ २ मा

## टाइमलाइन तीनकुने

**चैत १५**
- दुर्गा प्रसाईंको नेतृत्वमा तीनकुनेमा आन्दोलन ।
- निजी भवन, एकीकृत समाजवादीको कार्यालय, सञ्चार संस्था, भाटभटेनी सुपरस्टोर र जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनीलगायतमा तोडफोड, आगजनी र लुटपाट ।
- एभिन्युज टेलिभिजनका क्यामरापर्सन सुरेश रजकसहित दुई जनाको मृत्यु

**चैत १५**
- रवीन्द्र मिश्र र धवलशमशेर राणा पक्राउ । नवराज सुवेदी नजरबन्दमा । विभिन्न समय गरी ११२ जना पक्राउ ।

**चैत १८**
- प्रधानमन्त्री केपी शर्मा ओली एकीकृत समाजवादीको क्षतिग्रस्त कार्यालय निरीक्षण गर्न आलोकनगर तीनकुनेमा

**चैत २०**
- भाटभटेनी लुटपाटका क्रममा प्रतिकार गरेका सुरक्षा गार्ड कृष्णप्रसाद पराजुलीलाई भाटभटेनी सुपरमार्केटका सञ्चालकद्वारा पाँच लाख १ हजार १११ रुपैयाँ पुरस्कारसहित सम्मान

**चैत २९**
- दुर्गा प्रसाईंलाई भारतको आसामबाट पक्राउ गरी काठमाडौं ल्याइएको ।

**वैशाख ८**
- राप्रपा महामन्त्री धवलशमशेर राणा हाजिरी जमानीमा रिहा ।

**जेठ ३**
- राप्रपा वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र हाजिरी जमानीमा रिहा ।

**जेठ ८**
- काठमाडौं प्रहरी परिसरले गरेको अनुसन्धानको प्रतिवेदन सरकारी वकिल कार्यालयमा ।

सहकारीको बचत अपचलन प्रकरण

# रवि र छविलाई थुनामुक्त गर्न सर्वोच्चद्वारा अस्वीकार

## उच्च अदालत बुटवलको आदेश सदर

- प्रबन्ध निर्देशक हुनुअघि नै रवि गोर्खा मिडिया नेटवर्कको आर्थिक कारोबारमा संलग्न भएको ठहर
- रविका समर्थकलाई अदालतको आदेशउपर अशोभनीय टीकाटिप्पणी नगर्न सर्वोच्चको आदेश

■ जेबी योञ्जन

**काठमाडौं–** पूर्वगृहमन्त्रीसमेत रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र पूर्वडिआइजी छविलाल जोशी थुनामै रहने भएका छन् । उच्च अदालत बुटवल इजलासले यसअघि थुनामा पठाउन भन्दै दिएको आदेशलाई शुक्रबार सर्वोच्च अदालतले सदर गरेसँगै रवि र छवि थुनामै रहने भएका हुन् ।

सर्वोच्चका प्रवक्ता अच्युत कुइँकेलले पत्रकारहरूसँग भने, 'यसअघि भएको आदेशलाई यथावत् छाड्ने, परिवर्तन गर्न नपर्ने आदेश भएको छ ।'

गत वैशाख ७ मा रवि पत्नी निकिता पौडेलले रविलाई गैरकानुनी रूपमा थुनामा राखेको भन्दै सर्वोच्चमा बन्दी प्रत्यक्षीकरण निवेदन दर्ता गरेकी थिइन् । उक्त निवेदनउपर न्यायाधीशहरू डा. नहकुल सुवेदी र बालकृष्ण ढकालको इजलासमा निवेदनहरूको सुनुवाइ भएको थियो । सुनुवाइ शुक्रबार अपराह्न सकिएको थियो । तर, अबेर आएको आदेशमा उच्च अदालत बुटवलले गरेको आदेश बेरितको नदेखिएको ठहर गरेको छ ।




छविलाल जोशी | रवि लामिछाने

> तहाँ अदालतबाट निवेदक प्रतिवादीहरु रवि लामिछाने र छविलाल जोशीलाई पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुनेगरी पुर्पक्षका लागि थुनामा राखी मुद्दाको कारबाही र किनारा गर्नेगरी भएको मिति २०८१-१२-२२ को आदेश बेरितको नदेखिँदा बदर गरिरहनु परेन । कानुनबमोजिम गर्नू ।
>
> ■ सर्वोच्च अदालत

'तहाँ अदालतबाट निवेदक प्रतिवादीहरू रवि लामिछाने र छविलाल जोशीलाई पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुनेगरी पुर्पक्षका लागि थुनामा राखी मुद्दाको कारबाही र किनारा गर्नेगरी भएको मिति २०८१-१२-२२ को आदेश बेरितको नदेखिँदा बदर गरिरहनु परेन । कानुनबमोजिम गर्नू,' आदेशमा भनिएको छ ।

सर्वोच्चले लामिछाने गोर्खा मिडिया नेटवर्कको प्रबन्ध निर्देशक हुनुअघि नै उनी कम्पनीको आर्थिक कारोबारमा संलग्न रहेको देखिएको ठहर गरेको छ । कार्यकारी निर्देशकको हैसियतमा उनी २ कात्तिक २०७७ मा सञ्चालक समिति बैठकमा सहभागी भएको आदेशमा उल्लेख छ । लामिछानेले भने सोही वर्षको ३० पुसमामात्रै प्रबन्ध निर्देशकमा नियुक्त भएकाले त्यसअघि हुने आर्थिक कारोबारमा आफ्नो संलग्नता नभएको जिकिर गर्दै आएका छन् । यस्तो बेला सर्वोच्चले प्रबन्ध निर्देशक हुनुभन्दा अगाडि नै देखि सञ्चालक समिति बैठकमा सहभागी हुने गरेको र उनले कम्पनीको आर्थिक कारोबार गरेको पाइएको जनाएको हो ।

आदेशमा भनिएको छ, 'निजले कम्पनीमा प्रबन्धक निर्देशकको पदमा नियुक्ति पाउनु अगाडि नै मिति २०७७-०७-०२ को सञ्चालक समितिको बैठकमा कार्यकारी निर्देशकको हैसियतले उपस्थित भएको देखिन्छ र सो बैठकले ग्लोबल आइएमई बैंकको कालोपुल शाखामा खाता सञ्चालन गर्ने निर्णय गरेको देखिन्छ ।'

उक्त खातामा गितेन्द्रबाबु (जिबी राई), छविलाल जोशी वा रवि लामिछानेमध्ये कुनै एकको हस्ताक्षरबाट खाता सञ्चालन गर्ने भनी निर्णय गरेको देखिएकोसमेत आदेशमा उल्लेख छ । 'सोही निर्णयबमोजिम खोलिएको कम्पनीको खातामा सहकारी संस्थाबाट पटक-पटक रकम आएको देखिँदा सहकारी संस्थाबाट रकम लैजाने गरी भएको आर्थिक कारोबारमा यी निवेदक प्रबन्ध निर्देशक हुनुपूर्वदेखि नै संलग्न भएको देखिन आयो,' अदालतले रविको दाबीहरूलाई खारेज गर्दै यस्तो ठहर गरेको हो ।

यससँगै सर्वोच्चले न्यायिक आदेश र फैसलाहरू उपर अशोभनीय टीकाटिप्पणी नगर्न रविका समर्थकहरूलाई चेतावनी दिएको छ । आदेश एवं फैसलाहरू उपर स्वच्छ र रचनात्मक टिप्पणीहरू भने सदैव अपेक्षित नै हुने उल्लेख छ । तर, यसअघि रविलाई थुनामा पठाउनू भन्दै आदेश दिने उच्च अदालत बुटवलका न्यायाधीशहरूलाई अनेक लाञ्छना लगाएकोप्रति केन्द्रित हुँदै सर्वोच्चले अशोभनीय टीकाटिप्पणी नगर्न आदेश दिएको हो ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# कानुनविपरीत वैदेशिक रोजगारीमा पठाउने कार्य नगर्न विभागको चेतावनी

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार विभागले कानुनविपरीत वैदेशिक रोजगारीमा पठाउने कार्य नगर्न सचेत गराएको छ । विभागले शुक्रबार विज्ञप्ति जारी गरी यस्ता कार्यमा संलग्नमाथि कारबाही गर्ने चेतावनी दिएको छ ।

भिजिट भिसा तथा नक्कली कागजात बनाई नेपालीहरूलाई विदेश पठाउने गिरोह सक्रिय भएपछि विभागले यस्तो चेतावनी दिएको हो । हालै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागन विभागका कर्मचारीकै मिलेमतोमा सेटिङमा नेपालीहरूलाई विदेश पठाउने कार्य भइरहेको बाहिर आएको थियो । उक्त कार्यमा संलग्न रहेको आरोपमा गृह मन्त्रालयका सहसचिव तीर्थराज भट्टराईलाई गत बुधबार अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पक्राउ गरेको थियो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका प्रमुख रहेका उनी मंगलबार मात्र गृह मन्त्रालयमा तानिएका थिए । बुधबार नै अख्तियारले विमानस्थलस्थित अध्यागमन कार्यालयमा छापा मारेको थियो ।

यही घटनाक्रमका बीच विभागले विज्ञप्ति जारी गरी गैरकानुनी रूपमा विदेश पठाउने कार्य नगर्न आह्वान गरेको हो । शैक्षिक परामर्श केन्द्र (कन्सल्टेन्सी), ट्राभल एजेन्सी, तालिम प्रदायक संस्था, भाषा प्रशिक्षण गराउने संस्थालगायत संघ संस्था पनि यस्तो गैरकानुनी कार्यमा संलग्न रहेको पाइएको विभागले जनाएको छ ।




'वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न वा कुनै पनि नेपाली कामदारलाई श्रमिकको रूपमा विदेश पठाउन वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम यस विभागमा दर्ता भएको संस्था हुनुपर्ने कानुनी प्रावधान रहेको छ । ऐनमा उल्लेख भएकोबाहेक कुनै पनि व्यक्ति वा संस्थाले नेपाली कामदारलाई वैदेशिक रोजगारीमा पठाउन वा पठाउनको लागि प्रक्रिया अगाडि बढाउन नपाइने कानुनी व्यवस्था भएको र सोको नियमन गर्ने जिम्मेवारी वैदेशिक रोजगार विभागलाई रहेको छ,' विभागले भनेको छ ।

क्रमशः पृष्ठ २ मा

## अभिमुखीकरण तालिमको मापदण्ड पालना गर्न निर्देशन

वैदेशिक रोजगार विभागले शुक्रबार एक सूचना जारी गरी अभिमुखीकरण तालिम प्रदायक संस्थाहरूलाई तालिमको मापदण्ड पूरा गर्न निर्देशन दिएको छ ।

'अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, २०७६ बमोजिम यस विभागमा दर्ता भएका तालिम प्रदायक संस्थाहरूले मापदण्ड पूरा नगरी तालिम सञ्चालन गरिरहेको, सो कारणबाट वैदेशिक रोजगारीमा जाने कामदारहरू पर्याप्त मात्रामा सुसूचित हुन नसकेकोले सुरक्षित र मर्यादितरूपमा वैदेशिक रोजगारीको व्यवस्थापन नभएको भनी यस विभागमा जनगुनासो आइरहेकोप्रति विभागको ध्यानाकर्षण भएको छ,' विभागले भनेको छ ।

वैदेशिक रोजगारमा जाने कामदारका लागि अभिमुखीकरण तालिम सञ्चालन गर्दा सबै प्रशिक्षार्थीहरू सबै सेसनमा अनिवार्य रूपमा उपस्थित हुनुपर्ने, तालिमका लागि आवश्यक पर्ने न्यूनतम भौतिक एवं अन्य स्रोतसाधन पूरा हुनुपर्नेलगायत मापदण्ड पालना गर्न निर्देशन दिएको छ ।

'अभिमुखीकरण तालिम सञ्चालन गर्दा सबै प्रशिक्षार्थीहरू सबै सेसनमा अनिवार्य रूपमा उपस्थित भए/नभएको, तालिमका लागि आवश्यक पर्ने न्यूनतम भौतिक एवं अन्य स्रोतसाधन भए/नभएको सम्बन्धमा यस विभागबाट टोली खटाई नियमित एवं आकस्मिक रूपमा संस्थाहरूको अनुगमन हुने र सो क्रममा मापदण्ड पूरा नभएको पाइएमा कार्यविधिबमोजिम कारबाही गरिनेसमेत सम्बन्धित सबैमा सूचित गराइन्छ,' विभागको सूचनामा उल्लेख छ ।



**पृष्ठ १ बाट क्रमशः**

## रवि र छविलाइ...

'अदालतबाट भएका आदेश एवं फैसलाहरू उपर स्वच्छ र रचनात्मक टिप्पणीहरू सदैव अपेक्षित नै हुने भएता पनि नियोजित ढंगले न्यायाधीशहरूको मानमर्दन गर्ने र जनमानसमा भ्रमपूर्ण सन्देश प्रवाह गर्ने प्रकृतिका क्रियाकलापबाट न्याय सम्पादनको कार्यमा अनपेक्षित अवरोध हुन जाने भएकाले त्यसतर्फ संवेदनशील रहन सबै पक्षका लागि यो आदेश जारी गरिएको छ,' आदेशमा भनिएको छ ।

सर्वोच्चको यस्तो आदेशले अब रवि जिल्ला अदालत रूपन्देहीबाट सुप्रिम सहकारी ठगीको मुद्दा नटुंगिँदासम्म थुनामा रहने भएका छन् । यसअघि उनलाई सोही सहकारी ठगी प्रकरणमा उच्च अदालत बुटवल इजलासले जिल्ला अदालत रूपन्देहीको आदेश उल्टचाएर थुनामा पठाएको थियो । रवि हाल रूपन्देही कारागारमा छन् । उनी स्वयंले पनि आफूलाई गलत ढंगले थुनामा पठाइएको भन्दै उच्च अदालतको बुटवल इजलासको आदेश बदर हुनुपर्ने मागसहित निवेदन दिएका थिए । छविले पनि आफू थुनामुक्त हुनुपर्ने माग राखेर निवेदन दिएका थिए ।

निवेदनउपर मंगलबार र बिहीबार बहस भएको थियो । तर, नसकिएपछि शुक्रबारका लागि 'हेर्दाहेर्दै'मा राखिएको थियो । रवि र छविका वकिलले मंगलबार र बिहीबार बहस गरेका थिए । बिहीबारै सरकारी वकिलको पनि बहस सकिएको थियो । पीडित जाहेरवालाहरूको तर्फबाट शुक्रबार वरिष्ठ अधिवक्ताहरू दिनेश त्रिपाठी र सुरेन्द्र भण्डारीले बहस गरेका थिए । त्यसपछि रविको तर्फबाट वरिष्ठ अधिवक्ता सुशीलकुमार पन्तले जवाफी बहस गरे ।

यसअघि जिल्ला अदालत रूपन्देहीले छविलाई थुनामा पठाउने र रविलाई एक करोड धरौटीमा रिहा गर्ने आदेश गत १३ माघमा दिएको थियो ।

■■■

## तीनकुने घटनाका...

प्रहरीले मुद्दा चलाउनुपर्ने भनेर उल्लेख गरिएका १८ जना अझै फरार छन् । बाँकीलाई भने प्रहरीले पक्राउ गरेर अनुसन्धान सुरु गरिसकेको छ । तीमध्ये राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का महामन्त्री धवलशमशेर राणा, वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रसहित कोटेश्वरस्थित भाटभटेनी सुपरमार्केटमा फलफूल टिप्ने केहीलाई भने हाजिरी जमानीमा हिरासत बाहिरै राखेर अनुसन्धान गरिएको छ । राप्रपा महामन्त्री राणा वैशाख ८ गते रिहा भएका थिए भने मिश्र जेठ ३ गते रिहा भए ।

यस घटनामा राप्रपाका वरिष्ठ उपाध्यक्ष मिश्र, महामन्त्री राणा, नागरिक बचाउ अभियानका संयोजक प्रसाईंसहितलाई मुद्दा चलाउनुपर्ने राय प्रतिवेदनमा समेटिएको प्रहरीले जनायो । प्रहरीले यस घटनामा आपराधिक उपद्रव र संगठित अपराधमा ६१ जना र राज्य विरुद्धको कसुरमा २९ जनामाथि अनुसन्धान गरिरहेको थियो । त्यसमध्ये आपराधिक उपद्रव, संगठित अपराधमा अनुसन्धानमा रहेका ३४ र राज्यविरुद्धको कसुरमा रहेका तीन जना हाजिरी जमानीमा छुटिसकेका छन् । प्रदर्शन हिंसात्मक बन्दा एभिन्युज टेलिभिजनका क्यामरापर्सन सुरेश रजकसहित दुई जनाको ज्यान गएको थियो । साथै, तीनकुने क्षेत्रका भवन तथा जडीबुटीस्थित औषधि उद्योगमा पनि आगजनी भएको थियो । त्यस्तै थुप्रै निजी सवारी तथा सम्पत्तिमा पनि तोडफोड र आगजनी गरिएको थियो ।

मिश्र र राणालाई प्रहरीले सोही दिन पक्राउ गरेको थियो । प्रसाईं भने भागेर भारत पुगेका थिए । प्रहरीले भारतीय सुरक्षाकर्मीसँगको समन्वयमा उनलाई पक्राउ गरी नेपाल ल्याएको हो । काठमाडौंको तीनकुनेमा चैत १५ गते भएको हिंसात्मक घटनापछि भागेर भारत गएका प्रसाईं आसाममा पक्राउ परेका थिए । त्यहाँबाट उनलाई चैत २९ गते बिहान झापा ल्याइएको थियो ।

प्रदर्शनकारीहरूले एकीकृत समाजवादीको कार्यालय, सञ्चार संस्था, भाटभटेनी सुपरस्टोर र जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनीको कार्यालयसहित २२ वटा घर तथा कार्यालयमा तोडफोड गरेका जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ । ३९ वटा सवारीसाधन प्रदर्शनकारीले तोडफोड गरेका थिए ।

निजी र सार्वजनिक सम्पत्ति समेत गरेर ४६ करोड ९५ लाख क्षति भएको देखिएको गृह मन्त्रालयले त्यतिबेला आकलन गरेको थियो । प्रतिवादीहरूका क्षति भएको रकमबराबरको बिगो दाबी गर्ने तयारी सरकारी वकिलको कार्यालयले गरेको छ ।

■■■

## कानुनविपरीत...

'कतिपय व्यक्ति, शैक्षिक परामर्श केन्द्र (कन्सल्टेन्सी), ट्राभल एजेन्सी, तालिम प्रदायक संस्थाहरू, भाषा प्रशिक्षण गराउने संस्थाहरू लगायत संघ संस्था आदिले नेपाली श्रमिकलाई विदेश पठाइदिने भनी सूचना जारी गर्ने गरेको, राहदानी र अन्य कागजात संकलन गर्ने गरेको एवं नक्कली कागजात तयार गरी विदेश पठाउने कार्यमा संलग्न भएको भनी यस विभागमा उजुरी एवं जनगुनासोहरू प्राप्त भइरहेका छन्,' विभागले थप भनेको छ, 'अतः कुनै पनि व्यक्ति वा संस्थाले गैरकानुनी तवरले वैदेशिक रोजगारीमा पठाउने, पठाउन सहजीकरण गर्ने कार्य नगर्नु नगराउनुहुन सम्बन्धित सबैमा सूचित गरिन्छ ।'

कानुनविपरीत यस्तो कार्य भए/गरेको पाइएमा विभागमा उजुरी/जानकारी गराउनसमेत विभागले सरोकारवालासँग अनुरोध गरेको छ । यस सम्बन्धमा यस विभागबाट टोली खटाई नियमित एवं आकस्मिकरूपमा अनुगमन गरिने र अनुगमनको क्रममा कानुनविपरीत भएको पाइएमा कानुनबमोजिम कारबाही गरिनेसमेत विभागको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

# 'विज्ञान कूटनीति प्रवर्द्धनमा राज्यले जोड दिनुपर्छ'

**काठमाडौं (प्रस)–** सरोकारवाला व्यक्तिहरूले विज्ञान कूटनीति प्रवर्द्धनमा राज्यले नै पहल लिनुपर्नेमा जोड दिएका छन् । कूटनीति तथा विकास केन्द्रले शुक्रबार आयोजना गरेको नेपालमा विज्ञान कूटनीतिको सम्भावना विषयक छलफलका वक्ताहरूले मुलुकको समृद्धिका लागि विज्ञान कूटनीति प्रवर्द्धन हुनुपर्ने बताएका हुन् ।

पूर्वमन्त्री गणेश साहले नेपालजस्तो विकासोन्मुख मुलुकका लागि विज्ञान कूटनीतिले वैदेशिक सम्बन्धको नयाँ पाटो मात्र नभएर अनिवार्य रणनीति प्रक्रिया रहनुपर्नेमा जोड दिए । 'आर्थिक कूटनीति, विकास कूटनीतिमा अघि बढिरहेका छौं, विज्ञानलाई पनि अब प्राथमिकतामा राख्न आवश्यक छ । आजको विश्व ज्ञान-आधारित हो, प्रविधिमा अग्रगामी जो छ, उसैको प्रभाव विश्व मञ्चमा देखिन्छ,' उनले भने ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका पूर्वउपकुलपति डा. सुनिलबाबु श्रेष्ठले कूटनीतिक विज्ञान प्रवर्द्धनका लागि वित्तीय अभाव नै मुख्य चुनौती रहेको बताए ।

'कोभिडजस्ता महामारीमा सम्बन्ध विस्तारका लागि विज्ञान कूटनीतिको महत्त्वपूर्ण भूमिका रहेको छ,' उनले भने, 'दुई वा दुईभन्दा बढी देशबीच कूटनीतिक सम्बन्ध विस्तारका लागि पनि विज्ञान कूटनीतिको भूमिका छ । तर आर्थिक कूटनीति, विकास कूटनीतिको विकास भए पनि विज्ञान कूटनीति प्रवर्द्धन भने हुन सकेको छैन ।' विज्ञान कूटनीतिले खाद्य सुरक्षाका लागि सहज गर्ने, दिगो विकासका लक्ष्य पूरा गर्न, जलवायुमैत्री कृषि प्रणाली अपनाउनका लागि विज्ञान कूटनीति प्रवर्द्धन आवश्यक रहेको श्रेष्ठले बताए ।

केन्द्रकी सचिव सम्झना पोखरेल शाहका अनुसार केन्द्रले विदेश नीति र कूटनीतिक विषयहरूमा केही महत्त्वपूर्ण पुस्तकहरू पनि प्रकाशित गरिसकेको र त्यसले अन्तरराष्ट्रिय राजनीति बुझ्न योगदान पुऱ्याइरहेको विश्वास व्यक्त गरिन् ।


### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०३/०३ मा दर्ता भएको **प्रा.लि. नं. २१७५७३** को **प्रिन्सेस डेरी प्रोडक्ट्स प्रा.लि.** को मिति २०८२/०२/०८ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८,**
**ठेगानाः कागेश्वरी मनोहरा-९, फोन नं. ९८४११५३१४**



### कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**तेस्रो पटक सूचना प्रकाशित मिति २०८२/०२/१०**

यस कम्पनीको मिति २०८०/०२/३१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **इन्फोसिस् म्यानेजमेन्ट सर्भिस प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **लिड म्यानेजमेन्ट सर्भिसेस प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०२/३२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **लिड म्यानेजमेन्ट सर्भिसेस प्रा.लि.**(प्रा.लि.नं.२५९५४७) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।



### वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०२/१०**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भएको तथा जिल्ला वन पैदावार आपूर्ति समितिबाट फिर्ता भइ घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान २६४ को २१२९.७१ घनफिट काठ र साल जातको दाउरा १.५० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**अमलेचौर सामुदायिक वन उपभोक्ता समूह**
**बागमती- ९, मकवानपुर**



### कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०२/१०**

यस कम्पनीको मिति २०८१/११/२५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **चम्पक बिद्यापिठ** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **स्वप्न वर्ल्ड स्कुल भक्तपुर** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/१२/३१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **स्वप्न वर्ल्ड स्कुल भक्तपुर** (प्रा.लि.नं.२१७९६) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।



### युएईमा मिनिष्ट्री अफ डिफेन्स (MOD) अन्तर्गत, आर्म्स गार्डको लागि सुवर्ण अवसर

**Company: TERRACOTTA MANPOWER SERVICES - SOLE PROPRIETORSHIP L.L.C.**

पूर्व स्वीकृत मिति : २०८२/०२/०९ | LT. No. 324464 | चलानी नं ६०२३८३८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 170 | 0 | 2000 | ७४,७८० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |

निम्न योग्यता भएका नेपाल आर्मी तथा सशस्त्र प्रहरीमा काम गरेका व्याक्तीहरूले सम्पर्क गर्न सक्नुहुने छ ।

अप्रुभल तयार रहेकोले तुरुन्त उड्न सक्नेहरूले मात्र सम्पर्क गर्नु होला।

**योग्यताहरू:**
१. नेपाल आर्मी अथवा सशस्त्र प्रहरी बलमा कम्तिमा १० बर्ष सेवा गरेको।
२. सेवा निवृत भएको बढिमा पाँच बर्ष हुनपर्ने।
३. उचाइ १७० सेन्टिमिटर हुनपर्ने।
४. उमेर बढिमा ४० बर्ष सम्ममात्र हुनपर्ने।
५. तालिमका सर्टिफिकेट सहित सम्पूर्ण कागजातहरू तयारी अवस्थामा हुनपर्ने।

प्रि-अन्तरवार्ता: दैनिक भइरहेको छ ।
फाइनल अन्तरवार्ता: २०८२ जेठ १७ गते (31st May. 2025)
यस प्रा. लि. को कार्यालय, सिनामंगल, काठमाडौंमा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने /नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/ रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/ कामदार आफैंले | निःशुल्क | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**INTERPID RECRUITMENT SERVICES PVT.LTD**
Sinamangal 9, Kathmandu, Tel.: 01-4560530/ 4560531
Hotline: +977- 9851094335 / 9802368141 / 9709066802 / 9842386737 9852675031, POKHARA : - 9856004348 / 9806722351
श्रम ईजाजत नं. 1676/080/081
E-mail: info@interpidhr.com Web: www.interpidhr.com



### युएइमा रोजगार — कम्पनी : SERVEU (सच्याइएको)

पूर्व स्वीकृति मिति : २०८२/०२/०८ | LT. No. 324313 | चलानी नं. ६०२३८२७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Basic Machine Operator | 41 | 0 | 1500 | ५६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter/Joiners | 45 | 0 | 1300 | ४८,४५५ | | | | | | | |
| 3 | Helper | 20 | 0 | 1200 | ४४,७२५ | | | | | | | |
| 4 | Machine Operator(Tailor) | 4 | 0 | 1500 | ५६,००० | | | | | | | |
| 5 | Painter | 20 | 0 | 1200 | ४४,७२५ | | | | | | | |
| 6 | polisher/painter | 5 | 0 | 1300 | ४८,४५५ | | | | | | | |
| 7 | SANDERS | 5 | 0 | 1200 | ४४,७२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १६ गते (30th May 2025) मा हुनेछ ।
नोट: साथै यसै कम्पनिको लागि दक्ष अनुभवि CNC Mechanic Operator हरू पनि आवश्यक छन् ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ४५१/०६१/०६२
**HIMALAYAN HUMAN RESOURCES NEPAL PVT. LTD.**
Basundhara Chowk-8,Tokha, Kathmandu, Nepal, Tel: 01-4354342, Cell: +977 9823348542,
E-mail : hrnhimalayan@gmail.com, Web: www.hrnhimalayan.com



### मलेसियामा रोजगार — कम्पनी : PK UTARA ENTERPRISE

पूर्व स्वीकृति मिति : २०८२/०२/०९ | LT. No. 324212 | चलानी नं. ६०२३८३६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barber | 2 | 0 | 1700 | ५४,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: धनुषा, जनकपुर, Singh Training Center मा मिति: २०८२ जेठ १७ गते (31st May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CHANDRA KAMANA MANPOWER PVT.LTD.** (A.D. CAREERS PVT.LTD.)
Govt. License No. 1405/074/75
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, 813013135/ 9851083561/9802358807/9802358802
E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com



### Mauritius मा रोजगार — कम्पनी : Amrita Steels Ltd

पूर्व स्वीकृति मिति : २०८१/०१/१४ | LT. No. 303877 | चलानी नं. ६०२१८८९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Automation Technician | 5 | 0 | 17393 | ५२,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Bending Machine Operator | 19 | 0 | 15500 | ४६,५६५ | | | | | | | |
| 3 | Laboratory Technician Mechanical/Engineering | 10 | 0 | 20000 | ६०,०८५ | | | | | | | |
| 4 | Pyrolysis Technician | 3 | 0 | 17393 | ५२,२५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: झापा, बिर्तामोडमा मिति: २०८२ जेठ १७ र १८ गते (31st May & 1st June 2025) मा
संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १९ गते (2nd Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No.: 832/066/67
**GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD**
Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu, 9861477936, 9851405368, 9801814417, 9704141922
Tel: +977-1-4960523,4957731, Email : globalreliance03@gmail.com



### युएइमा रोजगार — कम्पनी : KST Technical Services L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०२/०९ | LT. No. 324341 | चलानी नं. ६०२३८३४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 3 | 0 | 1200 | ४४,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Painter | 2 | 0 | 1200 | ४४,८६५ | | | | | | | |
| 3 | Pipe Fitters | 5 | 0 | 1200 | ४४,८६५ | | | | | | | |
| 4 | Plasterers | 5 | 0 | 1200 | ४४,८६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १७ गते (31st May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

शनिबार, १० जेठ, २०८२

| | |
|---|---|
| **मेष** | सामाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **वृष** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **मिथुन** | मिहिनेत गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **कर्कट** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **सिंह** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| **कन्या** | सोचेको उपलब्धी तत्काल प्राप्त नहुने । |
| **तुला** | काम गर्दा सकारात्मक सङ्केत प्राप्त हुनेछ । |
| **वृश्चिक** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **धनु** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **मकर** | सुखद समाचारले उत्साह जगाउनेछ । |
| **कुम्भ** | सम्भावना देखिए पनि समयमा काम नहुने । |
| **मीन** | रोकिएका काम सम्पादन हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१० जेठ, २०८२ (२४ मे २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.७३ | १३७.३३ |
| युरो | १ को | १५५.०३ | १५५.७१ |
| पाउन्ड स्टिर्लङ | १ को | १८३.३६ | १८४.१७ |
| स्विस फ्रैन्क | १ को | १६५.९० | १६६.६३ |
| अस्ट्रेलियन डलर | १ को | ८८.१४ | ८८.५३ |
| क्यानाडियन डलर | १ को | ९८.५० | ९८.९३ |
| सिङ्गापुर डलर | १ को | १०६.०७ | १०६.५३ |
| जापानी येन | १० को | ९.५२ | ९.५६ |
| चिनियाँ युआन | १ को | १८.९८ | १९.०६ |
| साउदी अरब रियाल | १ को | ३६.४५ | ३६.६१ |
| कतारी रियाल | १ को | ३७.५१ | ३७.६८ |
| थाई भाट | १ को | ४.१७ | ४.१९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.२३ | ३७.३९ |
| मलेसियन रिङेट | १ को | ३२.०२ | ३२.१६ |
| दक्षिण कोरियन वन | १०० को | ९.९४ | ९.९८ |
| स्विडिस क्रोनर | १ को | १४.२८ | १४.३४ |
| डेनिस क्रोनर | १ को | २०.७८ | २०.८८ |
| हङकङ डलर | १ को | १७.४६ | १७.५४ |
| कुवेती दिनार | १ को | ४४५.५८ | ४४७.५३ |
| बहराइन दिनार | १ को | ३६२.६६ | ३६४.२५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# नागढुंगा सुरूङमार्ग आगामी पुसभित्र सञ्चालनमा ल्याइने

**कीर्तिपुर (काठमाडौं)–** आगामी पुसपछि नागढुंगा सुरूङमार्ग सञ्चालनमा आउने भएको छ । अहिलेकै गतिमा काम गर्ने वातावरण भएमा आगामी छ महिनाभित्र सुरूङमार्ग सञ्चालनमा आउनेगरी तयारी गरिएको हो ।



कूल ९० प्रतिशत भौतिक प्रगति गरी हाल १० प्रतिशतको काम बाँकी रहेको नागढुंगा सुरूङमार्गमा उपकरणहरूको संयोजन चलिरहेको आयोजनाको परामर्शदाता संस्था निप्पन कोइका इञ्जिनियर रमेशप्रसाद कोइरालाले बताए । 'अहिले उपकरणहरूको परीक्षण र समग्र सुरूङमार्गको कार्यमा त्यसलाई संयोजना सम्झौताअनुसार आगामी कात्तिकको पहिलो साता निर्माण सम्पन्न गरी सञ्चालक निकायलाई हस्तान्तरण गर्ने लक्ष्यमा छौं,' इञ्जिनियर कोइरालाले भने, 'अहिले उक्त सञ्चालक निकायको छनोटको प्रक्रिया अघि बढिरहेको छ र त्यो निकाय छनोट भएपछि पनि त्यसपछि तालिम लिनुपर्ने हुन्छ । त्यसमा पनि दुई महिना जति लाग्न सक्छ ।'

उनका अनुसार आयोजनाले सुरूङमार्गको सुरक्षा, सहज आवागमन र मानवीय सुरक्षाका लागि सुरूङभित्र दमकल, आकस्मिक उद्धार, सिसिटिभी क्यामरा, सञ्चार र सुरक्षा संयन्त्र, अक्सिजनको निरन्तर प्रवाहजस्ता सुरूङमार्गका अत्यावश्यक सेवा (टनेल फचासिलिटी) उपलब्ध गराउने कामलाई अन्तिम रूप दिइरहेको छ ।

पूर्वी मुखमा काठमाडौंको चन्द्रागिरि नगरपालिकाको दहचोकबाट सुरू हुने कूल २.७ किलोमिटर लामो सुरूङमार्ग पश्चिमतर्फ धादिङको धुनीबेँसी नगरपालिकाको सिस्ने खोलामा टुंगिने छ । त्यसैको समानान्तर उद्धार आदि कार्यका लागि समानान्तर सहायक सुरूङसमेत खनिएको छ ।

सञ्चालनमा आएपछि नागढुंगादेखि बलम्बुसम्मको भौतिक दूरी करिब तीन किलोमिटरले छोटिने छ भने प्रचलित मार्गमा हुने जाम, त्यहाँको उकालो र घुमाउरो बाटो आदिका हिसाबले इन्धन र सडक उपभोक्ताको झण्डै एक घण्टा समय बचत हुने अपेक्षा गरिएको छ ।

सुरूङमार्ग निर्माणमा सुरूमा देखिएका भौगोलिक अनिश्चितता, बजेटको व्यवस्था र स्थानीयसँगको संयोजनलाई आयोजना अनुकूल बनाउँदै भौतिक प्रगति हासिल गरिएको पनि इञ्जिनियर कोइराला बताउँछन् । सुरूङमार्गमा निस्किएको पानीको व्यवस्थापनबारे स्थानीय जनता, चन्द्रागिरि नगरपालिका र धुनीबेँसी नगरपालिकाबीच केही अन्योल रहे पनि त्यसलाई सम्बोधन गर्ने तयारी भइरहेको उनले बताए ।

आयोजनाले सिस्ने खोलातर्फ बनाउन लागेको पार्कको काम भने जग्गाको स्वामित्वबारे विवादका कारण स्थगित गरिएको कोइरालले जानकारी दिए । मालपोतकै दस्तावेजमा जग्गा धनीको महलमा सडक विभाग र व्यक्ति दुवैको नाम परेका कारण त्यहाँ अप्ठ्यारो परेको उनले बताए ।

# बालबालिकालाई स्क्रिनबाट टाढा राख्न जोड

**काठमाडौं (प्रस)–** विज्ञहरूले बालबालिकालाई आँखाको समस्याबाट जोगाउन बाहिरी वातावरणमा खेल्न प्रेरित गर्नुपर्ने सुझाव दिएका छन् । विश्व मायोपिया सचेतना सप्ताह (मे १९-२५) को सन्दर्भमा आँखारोग विशेषज्ञहरूले मायोपिया अर्थात् टाढा भएका वस्तुहरू हेर्न कठिनाइ हुने आँखाको समस्या हुन नदिन बालबालिकालाई स्क्रिनबाट टाढा राख्नुपर्ने बताएका हुन् । यस वर्षको सचेतना सप्ताहको नारा 'स्क्रिन तल, आँखामाथि' अर्थात् स्क्रिन तल राखौं, दृष्टि माथि उठाऔं र मायोपियाबाट बचौं रहेको छ ।



तिलगंगा आँखा प्रतिष्ठानकी बाल आँखारोग विशेषज्ञ डा. सिर्जना अधिकारीले मायोपियाको समयमा नै पहिचान गर्नका लागि अनिवार्य दृष्टि परीक्षण गर्न जरुरी हुने बताइन् । उनका अनुसार प्रत्येक बालबालिकालाई एकपटक विद्यालय भर्ना गर्नुअघि अनिवार्य आँखा जाँच गर्न जरुरी छ ।

डा. अधिकारीले बालबालिकाको समय-समयमा आँखा जाँच गर्नाका साथै प्रत्येक दिन बाहिरी वातावरणमा दुई घण्टा खेल्न प्रेरित गर्नुपर्ने सुझाव दिइन् । उनले भनिन्, 'मोबाइल र टिभी स्क्रिनबाट टाढा राख्ने र कम प्रयोग गराउने तथा हरेक २० मिनेटमा २० फिट टाढा २० सेकेण्ड हेर्ने बानी बसाल्नुपर्छ ।'

सप्ताहका अवसरमा तिलगंगाले काठमाडौंलगायत देशैभरका सामुदायिक आँखा केन्द्र तथा सर्जिकल आँखा केन्द्रमा सचेतनात्मक कार्यक्रमको आयोजना गरेको छ । साथै प्रतिष्ठान परिसरमा सचेतना डेस्क, श्रव्यदृश्य सामग्री प्रदर्शन, सामाजिक सञ्जालको प्रयोगलगायत जिल्लाहरूमा रेडियोमार्फत पनि जनचेतना फैलाउने कार्य गर्दै आएको छ ।

# जलविन्दु उपचार सेवा सुरू भएपछि स्थानीयलाई राहत

**दाङ–** राप्ती आँखा अस्पताल रक्षाचौरले जलविन्दु (ग्लुकोमा) रोगको विशेषज्ञ सेवा सुरु गरेको छ । अस्पतालमा उपचारका लागि आउने जलविन्दुको समस्या देखिएकाहरूलाई उपचारका लागि काठमाडौं पठाउनुपर्ने अवस्था अन्त्य गर्ने सेवा सुरु गरेको अस्पतालले जनाएको छ ।




अस्पतालमा सहायक प्राध्यापक डा. रञ्जितकुमार शाहको आगमनसँगै केही दिनअघि जलविन्दुको विशेष उपचार सेवा सुरु भएको हो । सेवा सुरु भएसँगै बिरामीहरू घर आँगनमै उपचार पाएको भन्दै खुसी भएका छन् । तुलसीपुर-१५ की ८३ वर्षीया जयमोती थरुनीले लामो समयपछि उपचार सेवा पाएपछि खुसी व्यक्त गरिन् । घरबारविहीन थरुनीले उपचारपछि नयाँ जीवन पाएको अनुभव भएको बताइन् ।

डा. शाहका अनुसार यहाँ बहिरंग सेवा (ओपिडी) लिन दैनिकजसो दुईदेखि ३०० बिरामी आउने गरेका छन् । तीमध्ये पाँचदेखि सात जनामा जलविन्दुको समस्या देखिने गरेको छ । 'जलविन्दु आँखामा दबाब बढेर दृष्टिमा असर पुऱ्याउने रोग हो । प्रारम्भिक अवस्थामा उपचार सुरु गरिएमा दृष्टि जोगाउन सकिन्छ तर धेरैजसो बिरामी ढिलो गरी अस्पताल आउने भएकाले दृष्टिमा स्थायी क्षति पुगिसकेको हुन्छ,' डा. शाहले भने ।

नेपालमा हालैको एक सर्वेक्षणअनुसार २.१ प्रतिशतभन्दा बढी जनसंख्यामा जलविन्दुको समस्या देखिएको छ । डा. शाह धेरैलाई यसबारे थाहा नहुने, लक्षणको बेवास्ता गर्ने र अस्पताल ढिलो पुग्ने समस्या रहेको बताउँछन् । जलविन्दुको मुख्य लक्षणहरूमा दृष्टि धमिलो हुँदै जानु, बत्तीमा हेर्दा इन्द्रेणी रङ देखिनु, टाउको र आँखामा दुखाइ, वाकवाकी लाग्नुलगात रहेका उनले बताए ।

'यो रोग परिवारमा एक जनामा देखिएको खण्डमा अन्य सदस्यमा पनि हुने सम्भावना रहन्छ । साथै मधुमेह, उच्च रक्तचाप वा आँखामा चोटपटक लाग्दा पनि जलविन्दु हुने सम्भावना बढ्छ,' डा. शाहले भने, 'राप्ती आँखा अस्पतालले आँखासम्बन्धी विविध उपचार सेवा दिँदै आएकामा जलविन्दु विशेषज्ञ सेवा पनि थपिएपछि यहाँका सेवाग्राहीलाई निकै राहत हुने छ ।'

जलविन्दु भएका बिरामीहरूलाई काठमाडौं वा अन्य ठाउँ जानुपर्ने बाध्यता अन्त्य भएपछि यसले दाङलगायत आसपासका जिल्लाका जनतालाई ठूलो राहत मिलेको छ । *रासस*

# 'आत्मानुशासन, करुणा, सहिष्णुता र अहिंसालाई व्यवहारमा उतारौं'

**काठमाडौं (प्रस)–** राष्ट्रपति रामचन्द्र पौडेलले बौद्ध धर्मले आत्मानुशासन, करुणा, सहिष्णुता र अहिंसाको अमूल्य शिक्षा प्रदान गर्दै आएकाले यसलाई हामी सबैले व्यवहारमा उतार्न सक्नुपर्ने बताएका छन् ।

देशभित्रका विभिन्न गुम्बाहरूबाट सहभागितामा ४७औं लामा देशदर्शन भ्रमण सम्पन्न गरी फर्किएका लामा आनी सहभागी कार्यक्रमलाई शुक्रबार शीतलनिवासमा सम्बोधन गर्दै उनले सो धारणा व्यक्त गरेका हुन् ।

'मूर्त र अमूर्त बौद्ध सम्पदाको जगेर्ना गर्दै बौद्ध दर्शनको जीवनोपयोगी पक्षलाई व्यवहारमा उतार्नसके मुलुकको हितार्थ उपयोगी मार्ग प्रशस्त हुँदै जाने छ,' राष्ट्रपति पौडेलले भने । त्यसका लागि बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिले आगामी दिनमा अझै प्रभावकारी भूमिका निर्वाह गर्ने राष्ट्रपति पौडेलले विश्वास व्यक्त गरे । यस किसिमको भ्रमणले बौद्ध धर्म, दर्शनको संरक्षण विकास र प्रवर्द्धनमा टेवा पुऱ्याउँदै धार्मिक पर्यटन अभिवृद्धि गर्न सकारात्मक भूमिका निर्वाह गर्ने उनको भनाइ थियो ।

'बौद्ध तीर्थस्थलको भ्रमण कार्यक्रमले मुलुकमा दिगो शान्ति र विकासका लागि टेवा मिल्नेछ भन्ने कुरामा विश्वस्त छु,' राष्ट्रपति पौडेलले भने । उनले यस यात्राबाट फर्किएका लामा तथा आनीले देशका विभिन्न बौद्ध गन्तव्यमा पुगेर केवल तीर्थयात्रा मात्र गरेका छैनन्, नेपाली समाजको धार्मिक ऐक्यबद्धता र आत्मिक समृद्धिको सन्देश पनि बोकेर आएका विश्वास व्यक्त गरे । राष्ट्रपति पौडेलले नेपाली समाजमा बौद्ध शिक्षा, साधना र सांस्कृतिक जागरणका क्षेत्रमा गुम्बा विकास समितिले पुऱ्याउँदै आएको योगदान सराहनीय रहेको बताए ।

# वर्षासँगै डेंगी संक्रमणको जोखिम बढ्ने

**काठमाडौं (प्रस)–** यसपटक सरदरभन्दा बढी वर्षा हुने भएपछि डेंगी संक्रमणसमेत बढ्ने प्रक्षेपण गरिएको छ । जल तथा मौसम विज्ञान विभागले यसपटक मनसुनमा सरदरभन्दा बढी पानी पर्ने भनेपछि डेंगी संक्रमणको जोखिम पनि बढ्ने इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले जनाएको छ । महाशाखाका कीटजन्य रोग शाखा प्रमुख डा. गोकर्णप्रसाद दाहालले भने, 'गत वर्षको तुलनामा हाल कम संक्रमण देखिएको छ तर यस वर्ष मौसम विभागले धेरै नै पानी पर्ने भनेको छ । त्यसले संक्रमणको जोखिम बढाउने छ ।'

पानी धेरै पर्दा जम्मा हुने पानीमा डेंगी सार्ने लामखुट्टे फस्टाउने भन्दै उनले सतर्कता अपनाउन सबैलाई आग्रह गरे । दाहालले पानी संकलन हुने टायर, गमलाजस्ता ठाउँ हालैदेखि व्यवस्थापन गर्नुपर्नेमा जोड दिए । उनका अनुसार पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुल निस्किने लार्भा वयस्क भएपछि त्यसले टोकेमा डेंगु रोग लाग्ने गरेको छ ।

शाखा प्रमुख डा. दाहालले पुस १७ देखि हालसम्म ७१ जिल्लामा एक हजार ८१ जनामा संक्रमण देखिएको र पाँच जनाभन्दा बढी संक्रमण भएका ३० स्थानीय तहमा संक्रमण रोकथाम र नियन्त्रण गर्न पत्राचार गरिएको जानकारी दिए । सन् २०२४ मा डेंगी संक्रमण ७६ जिल्लामा फैलिएको थियो भने १५ जनाको मृत्यु र ४१ हजार ८६५ जना संक्रमित भएका थिए ।


**साउदीमा रोजगार** कम्पनी : Gulf Designs Contracting Est

पूर्व स्वीकृति मिति : २०८१/०८/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/०९ | LT. No. 313870 | चलानी नं. ६०२२८३५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fabrication Helper | 2 | 0 | 1200 | ४३,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १७ गते (31st May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



**ओमन/युएइमा रोजगार** कम्पनी : BASMA AMAL TOUCHES

पूर्व स्वीकृति मिति : २०८२/०१/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/०९ | LT. No. 323446 | चलानी नं. ६०२३८२१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Stylist -Female | 0 | 1 | 200 | ७१,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AMARYLLIS LADIES SALON

पूर्व स्वीकृति मिति : २०८२/०२/०९ | LT. No. 324416 | चलानी नं. ६०२३८३५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dress/Hair Stylist | 0 | 2 | 1500 | ५६,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicurist/nail Technician | 0 | 3 | 1500 | ५६,०८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १७ गते (31st May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HR NEPAL SERVICES PVT. LTD.
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, Email: hrnepalservices@gmail.com
श्रम इजाजत नं. १५४८/०७८/०७९



**युएइमा रोजगार** कम्पनी : AL ABDAEAT AL MUTAWAFIRA GENERAL MAINTENANCE -LLC-SPC

पूर्व स्वीकृति मिति : २०८२/०२/०९ | LT. No. 324442 | चलानी नं. ६०२३८३३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bricklayer | 1 | 0 | 1200 | ४४,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Labors | 4 | 0 | 800 | २९,९१० | | | | | | | |
| 3 | Painter | 1 | 0 | 1200 | ४४,८६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १७ गते (31st May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1728/081/82
RELIABLE MANPOWER RECRUITMENT PVT LTD
Sinamangal-9, Kathmandu, Nepal, (50 Meter opposite to Hope Hospital) T: 01-5922931/ 5922932/ 5922934
Email:- reception@reliablemanpowernepal.com, Web: www.reliablemanpowernepal.com



**मलेसियामा रोजगार** कम्पनी : Econsave Cash & Carry Sdn. Bhd.

पूर्व स्वीकृति मिति : २०८२/०२/०९ | LT. No. 324397 | चलानी नं. ६०२३८३६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Rack Filler | 35 | 0 | 1700 | ५४,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छैन | २ वर्ष |

कम्पनी : Econsave Cash & Carry Sdn. Bhd.

पूर्व स्वीकृति मिति : २०८२/०२/०९ | LT. No. 324398 | चलानी नं. ६०२३८३६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Rack Filler | 15 | 0 | 1700 | ५४,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छैन | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १७ गते (31st May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKYWAYS BUREAU SERVICES PVT.LTD.
Badri Colony, Sukedhara, Kathmandu, Nepal, Contact: +977-01-4376101, 4376102
E-mail : info@skywaysnepal.com, Web: www.societaloverseas.com
Govt. License No. 871/066/67



बागमती प्रदेश सरकार
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**चौतारा अस्पताल**
सिन्धुपाल्चोक, नेपाल

**सिलबन्दी दरभाउपत्र आव्हानको सूचना !**

**(प्रथम पटक प्रकाशित मिति: २०८२/०२/१० गते)**

यस अस्पतालको लागि आ.व.२०८१/०८२ मा प्रादेशिक अस्पताल र आयुर्वेद तथा वैकल्पिक चिकित्सालयमा EMR/EHR सञ्चालन कार्यक्रमअन्तर्गत चौतारा अस्पताल सिन्धुपाल्चोकमा एकीकृत विद्युतीय चिकित्सा अभिलेख प्रणाली (EMR) लाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि आवश्यक पर्ने ICT सम्बन्धी सामाग्रीहरू खरिदको लागि स्वीकृत लागत अनुमान अनुसार खरिद गर्नको लागि सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ । कार्यालयमा सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र व्यवसाय दर्ता प्रमाण पत्र एवम् मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएका इच्छुक फर्म, कम्पनी वा सप्लार्यसले कार्यालय समयभित्र रु.१०००।- (अक्षरेपी एक हजार रूपैयाँ फिर्ता नहुनेगरी) यस कार्यालयको कार्यालय कोड नं.३७००१२७०१३ राजश्व शिर्षक नं. १४२२९ प्रदेश लेखा नियन्त्रक इकाई कार्यालय सिन्धुपाल्चोक खाता नं. २७२०२००००१००१००००१ जम्मा गरेको सक्कल भौचर, उक्त मालसामान खरिद बिक्री गर्न पाउने फर्मको नविकरण भएको इजाजत प्रमाणपत्र, बिक्री वितरण गरेको अनुभव पत्र, मु.अ. कर दर्ता प्रमाण पत्र तथा आ.व.०८०/८१ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी निवेदन साथ संलग्न राखी यस अस्पतालबाट खरिद गर्न सकिने छ । कार्यालयमा सूचना प्रकाशन भएको मितिले १६औं दिन, दिनको ठीक १२:०० बजेभित्र सिलबन्दी दरभाउपत्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ, रितपूर्वक पर्न आएका सिलबन्दी दरभाउपत्र सोही दिन, दिनको ठीक २:०० बजे यस कार्यालयमा खोलिने छ । सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो सम्बन्धी कार्य तत्पश्चात कार्यालय खुलेको दिन सोही समयमा हुनेछ । कवोल अंकको ३ प्रतिशतले हुन आउने बैंक जमानत वापतको रकम नेपाल बैंक लिमिटेड सिन्धुपाल्चोक चौतारा शाखामा रहेको प्रदेश लेखा नियन्त्रक इकाई कार्यालय सिन्धुपाल्चोकको धरौटी खाता नं ०५७०२००००००२००३००००००१ यस अस्पतालको कार्यालय कोड नं. ३७००१२७०१३ मा जम्मा गरेको रकमको सक्कलै बैंक भौचर वा नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैंकहरूवाट यस अस्पतालको नाममा जारी गरिएको जमानत पत्र (बैंक ग्यारेन्टी) सक्कलै पेश गर्नुपर्ने छ । साथै यस सूचनामा उल्लेख भएका कुराहरू उल्लेख भए बमोजिम र उल्लेख हुन छुट भएका कुराहरू सिलबन्दी दरभाउपत्रका शर्तहरू, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा प्रचलित नेपालको कानून बमोजिम हुनेछ । विस्तृत जानकारीको लागि यस कार्यालयको सूचना पाटीमा हेर्नुहुन तथा कार्यालय समयमा सम्पर्क गर्नुहुन समेत सूचित गरिन्छ ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम भ्याटसहित | बिडबन्डबापतको रकम रु. | दरभाउपत्र फाराम दस्तूर रु. |
|---|---|---|---|---|---|
| १. | CHC/ Sindhupalchok/ 04-081/082 | EMR/EHR सञ्चालनका लागि ICT सम्बन्धी मालसामानहरू खरिद (Computer, Printer, Tablet, AP) | १७,१२,०००।०० | ५१,३६०।०० | १,०००।०० |

नि. मेडिकल सुपरिन्टेन्डेन्ट

# पर्यटकको पर्खाइमा ३०० वर्ष पुरानो गाउँ ‘कुञ्छाल’



अञ्जली थापा/हेटौंडा

तपाईंलाई अचम्म लाग्न सक्छ, संघीय राजधानी काठमाडौंबाट मात्र एक घण्टाको मात्र दूरीमा रहेको रमणीय ‘कुञ्छाल’ गाउँमा ३०० वर्ष पुराना घरमा बास बस्नमात्र होइन, ३०० वर्ष अगाडि बनेका ढुंगेधाराको पानी पिउन पनि पाइन्छ । मकवानपुर जिल्ला थाहा नगरपालिकाभित्रका पुरानो गाउँ भए पनि झट्ट हेर्दा युरोपका स्वीटजरल्याण्ड र इटलीतिर देखिने गाउँभन्दा कम देखिँदैनन् । हरियालीबीच यहाँको वस्ती अत्यन्तै सुन्दर छ । बुट्टेदार झ्याल र रातो टायलका छानो भएका पुराना घर टाढाबाट रातम्मे भएकाले यस गाउँलाई टाढैबाट देख्न सकिन्छ ।

नेपालको ऐतिहासिक, प्राचीन तथा सांस्कृतिक महत्त्व बोकेको यो बस्तीमा सामुदायिक घरबास (होमस्टे) सञ्चालनमा आएको छ भने यतिबेला गाउँलेहरू पर्यटकको पर्खाइमा बसिरहेका छन् । थाहा नगरपालिकाका अनुसार ऐतिहासिक गोपालीहरूको बसोबास रहेको कुञ्छाल गाउँसहित नेपालका तीन उत्कृष्ट पर्यटकीय गन्तव्य घोषणा भइसकेको छ । नगरपालिकाको तथ्यांकअनुसार ३८औं विश्व पर्यटन दिवसका अवसरमा गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) नेपालले पर्यटकीय गाउँ घोषणा गरेको हो । भिटोफले हरेक वर्ष तीन गाउँलाई पर्यटकीय गाउँका रूपमा घोषणा गर्ने र प्रवर्द्धनदेखि प्याकेज बनाउनेसम्मका काम गर्दै आएको बताइएको छ ।

‘कुञ्छाल’ गाउँलाई त्यहाँ उपलब्ध शिलालेख र ताम्रपत्रहरूका आधारमा ३०० वर्ष पुरानो मानिए पनि स्थानीयहरूका अनुसार १०० होइन होइन, हजार वर्षको प्राचीन इतिहास बोकेको नेपालको एक ऐतिहासिक, प्राचीन गाउँ मान्न सकिने बताउँछन् । यस गाउँलाई आजसम्म प्राकृतिक प्रकोपले पनि कहिल्यै क्षति नपुऱ्याएको स्थानीय बताउँछन् । नेपालको पहिलो त्रिभुवन राजपथसँगै जोडिएको यो बस्ती राजधानी काठमाडौंबाट नौबिसे हुँदै त्रिभुवन राजपथको बाटोबाट ६० किलोमिटर टाढा छ । त्यसैगरी, नयाँ खोलिएको थानकोट-चित्लाङ कच्ची बाटो हुँदै त मात्र ३० किलोमिटर पार गर्दा ‘कुञ्छाल’ पुग्न सकिन्छ । फर्पिङ-फाखेल-मार्खु हुँदै जाने हो ५५ किलोमिटर दूरीमा यो स्थान रहेको छ ।

लिच्छविकालीन राजा अंशु बर्माकोसमेत शिलालेख रहेको भनिएको यस बस्तीको तथ्यगत इतिहास भने ३०० वर्ष पुरानो देखिने स्थानीय बताउँछन् । यहाँका अन्य गाउँहरूमा नेवाः समुदायभित्रका मिश्रित जातिको बसाइ रहेको देखिएता पनि कुञ्छाल गाउँमा भने केवल ग्वाला समुदाय अर्थात् हालका गोपाली भन्न रूचाउने गोपालवंशीहरूको मात्र बसाइ रहेको छ ।

नेपालकै पुरानो र मौलिक सभ्यता बोकेको गोपालीहरूको बस्ती कुञ्छाल गाउँमा धेरै अनौठा प्रचलन पनि रहेका छन् । यस बस्तीमा एक अनौठो चलन छ । यहाँ कुखुरा पाल्न वा कुखुराजन्य खाना खान निषेध छ । कुखुरालाई अपवित्र मान्ने यहाँको पुरानो प्रचलन हो ।

१७३ घरपरिवार भएको ‘कुञ्छाल’ यस गोपाली गाउँमा युवादेखि वृद्धवृद्धासम्म मिलेर सामुदायिक होमस्टे सञ्चालनमा ल्याइएको गाउँका अगुवा ७३ वर्षीय विष्णु गोपालीले बताए । उनका अनुसार गाउँमा पुर्खाले नै बनाएको संरचना यथावत् भएका कारण यसलाई बिग्रन नदिनेमा गोपालवंशदेखि रहेको र ३०० वर्ष पुराना हुन् भन्ने प्रशस्त प्रमाण भेटिने उनको दाबी छ । उनी भन्छन्, ‘हामीले बोल्ने नेवारी भाषा काठमाडौंमा बोलिने भाषाभन्दा फरक छ । शब्द, लवजमा नै धेरै फरक छ, हाम्रो भाषालाई प्राचीन नेपालमण्डलभित्रका भाषाभन्दा हुन्छ ।’ उनका अनुसार नेपाल भाषाको इतिहास, मौलिकता आदि अध्ययन गर्न धरैजना आउने गर्छन् ।

त्यसैगरी, यहाँका महिलाहरू पनि पहिलेदेखि नै पुरूषसरह काम गर्ने गरेको ७० वर्षीया माइजुमाया गोपालीले बताइन् । थाहा आन्दोलनमा प्रणेता रूपचन्द्र विष्टले गाउँको डबलीमा बसेर दैनिक दिने शिक्षाका कारण तत्कालीन समयमा पनि महिलाहरूले पढ्न र अधिकारका कुरा गर्न थालेको उनी सम्झन्छिन् । तत्कालीन जनयुद्धमा छोरी गुमाएकी उनलाई अहिलेको परिवर्तनमा आफ्नो परिवारले रगत बगाएकामा पनि निकै गर्व महसुस हुने गरेको बताउँछिन् । उनका अनुसार तत्कालीन समयदेखि काम गर्ने, समय खेर नफाल्ने भन्ने सोच पलाएका कारण आफू यो उमेरमा पनि खेती गरेर खाइरहेको सुनाउँछिन् । उनका अनुसार यहाँ पुरूषले पनि भान्साको काम गर्ने गर्छन् भने महिलाहरूले पनि पुरूषसरह खेतीपातीको काम गर्छन् । यहाँ आउने पाहुनालाई आफ्नै खेतीबाट उब्जेको अन्न तथा सागसब्जी खुवाउने गरिएको उनको भनाइ छ ।

थाहा नगरपालिका प्रमुख विष्णु विष्टले यहाँ हरेक १२ वर्षमा एकपटक देवीनाच लाग्ने गरेको र यो नाचको सम्बन्ध काठमाडौंको केन्द्र हनुमानढोका दरबारसँग रहेको जानकारी दिए । यस नाचलाई हनुमानढोका दरबारको डबलीमा देखाइने चलन पनि रहेको उनी बताउँछन् । उनी भन्छन्, ‘कुञ्छाललाई एउटा जीवित संग्रहालयका रूपमा विकास गर्दै यहाँको ऐतिहासिक स्वरूपलाई नै निरन्तरता दिने र यहाँको मौलिक स्वरूप, परम्परागत पेसा नै यहाँका स्थानीयको समृद्धिको आधार बनाउन हामीले जोड दिइरहेका छौं ।’ मकवानपुरको पहाडी भेग अझ काठमाडौं उपत्यका नजिकका घर २०७२ सालको शक्तिशाली भूकम्पले ध्वस्त भए पनि यहाँ कुनै क्षति नभएको नगरप्रमुख विष्टले जानकारी दिए ।

> नेपालको ऐतिहासिक, प्राचीन तथा सांस्कृतिक महत्त्व बोकेको यो बस्तीमा सामुदायिक घरबास (होमस्टे) सञ्चालनमा आएको छ भने यतिबेला गाउँलेहरु पर्यटकको पर्खाइमा बसिरहेका छन् । थाहा नगरपालिकाका अनुसार ऐतिहासिक गोपालीहरूको बसोबास रहेको कुञ्छाल गाउँसहित नेपालका तीन उत्कृष्ट पर्यटकीय गन्तव्य घोषणा भइसकेको छ ।

> लिच्छविकालीन राजा अंशु बर्माकोसमेत शिलालेख रहेको भनिएको यस बस्तीको तथ्यगत इतिहास भने ३०० वर्ष पुरानो देखिने स्थानीय बताउँछन् । यहाँका अन्य गाउँहरुमा नेवाः समुदायभित्रका मिश्रित जातिको बसाइ रहेको देखिएता पनि कुञ्छाल गाउँमा भने केवल ग्वाला समुदाय अर्थात् हालका गोपाली भन्न रूचाउने गोपालवंशीहरूको मात्र बसाइ रहेको छ ।

नगरप्रमुख विष्टका अनुसार पुरानो बस्ती कुञ्छालका बासिन्दा असाध्यै मिहेनती छन् । कृषि र पशुपालन उनीहरूको मुख्य पेसा र आम्दानीको स्रोत रहेको उनी बताउँछन् । पछिल्लो समय गोपाली समुदायले होमस्टे सञ्चालनका लागि आफैंले खर्च जुटाएर आवश्यक व्यवस्थापन गरेको छ । महिला-पुरूषमा कामका हिसाबले भेदभाव नहुनु यहाँको विशेषता हो । बस्ती छेवैको बजारमा मिल भए पनि स्थानीयलाई घरकै ओखलमा कुटेको चामल खाँदा स्वादिलो लाग्ने गर्छ । पर्यटकलाई उसिनेको चामलको भात खुवाउने यहाँको चलन रहेको छ ।

## पदयात्राको सम्भावना

थाहा नगरपालिकाको वडा नं १ र ६ मा पर्ने टिस्टुङ-कुञ्छाल पदमार्गमा यात्रा गर्नका लागि राजधानी काठमाडौंबाट गणेशमानसिंह मार्ग चन्द्रागिरि-चित्लाङ हुँदै करिब एक घण्टामा पुग्न सकिन्छ । त्यस्तै बागमती प्रदेशको राजधानी हेटौंडाबाट त्रिभुवन राजपथ हुँदै करिब तीन घण्टामा पुग्न सकिन्छ । टिस्टुङ-कुञ्छाल पदमार्गमा यात्रा गर्न कुञ्छाल गाउँबाट वा नजिकैको सरस्वती बजारबाट सुरू गर्न सकिन्छ । बज्रबाराहीको सरस्वती बजारबाट बाराहीचौर हुँदै नासपाती बगैँचा भ्रमण, कुञ्छाल गाउँ अवलोकन र गणेश मन्दिर दर्शनपश्चात् टिस्टुङको वनस्पति उद्यानमा पुग्न सकिन्छ । उद्यानबाट विश्रामसहित ग्रामीण क्षेत्रको जीवनशैली र प्रकृतिको मनोरमताको अवलोकन गर्न सकिन्छ ।

वनस्पति उद्यानबाट कार्कीछाप गाउँको दैनिकी किसानको जीवनशैली, गोठालाको अनुभव, प्राकृतिक मनोरम दृश्यावलोकन, खेतीपाती गर्दै गौखुरेश्वर महादेवको दर्शन यही रूटमा गर्न सकिन्छ । ढल्टगाउँको अवलोकन गरेपछि अध्याय रिसोर्ट हुँदै उन्मत्तेश्वर महादेवको मन्दिर दर्शन गरी कोत दरबारको अवलोकनपश्चात् थाहा नगरकै प्रमुख शक्तिपीठका रूपमा रहेको बाराही मन्दिर र सँगैको चौरबाट पैदल जंगल सफारीसँगै पैदलमार्गमा प्रकृतिसँग लुकामारी गर्न सकिन्छ ।

बाराही मन्दिरबाट उकालो हिँडेर पुगिने बाराही डाँडामा पुग्दा यात्राका सबै थकान मेटिएको अनुभव हुन्छ । निकै मनोरञ्जनात्मक र साहसी पैदलयात्रीजस्तै अनुभव गर्न सकिने यस मार्गको दूरी करिब १६ किलोमिटर रहेको छ । बाराही डाँडाबाट पुनः जंगल सफारीसँगै नन्दिकेश्वर महादेव दर्शन गरेर यो पदयात्राको बिट मारिन्छ । स्थानीयहरूको आत्मीय व्यवहार र स्वागतसहितको पैदलयात्रासँगै केही दिनको भ्रमण र बस्नका लागि पनि थाहा नगरको बज्रबाराहीमा होटलको राम्रो व्यवस्था भएको तथा कुञ्छालमै रहेका होमस्टेमा पनि बस्न सकिन्छ । *रासस*

# साहसिक पर्यटनको सम्भावना घोर्लेभिर

रामकुमार लिम्बू/इलाम

ठाडो स्वरूप, टाढाबाट पर्खालजस्तो देखिने चट्टानी बनावटमा रहेको इलामको माङसेबुङ गाउँपालिका-१ गजुरमुखीको तोभाङमा अवस्थित भौतिक पूर्वाधारको अभावमा पर्यटकको आकर्षणको केन्द्र बन्न सकेको छैन । वरिपरि हरियाली डाँडाकाँडा र अधिकांश भूभाग ठूला चट्टानहरू रहेको घोर्लेभिर साहसिक पर्यटनका लागि प्रशस्त सम्भावना भएर पनि ओझेलमा परेको छ ।

समुद्री सतहबाट अनुमानित एक हजार ५०० देखि एक हजार ७०० मिटरसम्मको उचाइमा अवस्थित अन्दाजी १५५ हेक्टर क्षेत्रफलमा फैलिएको घोर्लेभिर प्राकृतिक सौन्दर्य, जैविक विविधता र सांस्कृतिक सम्पन्नताले भरिपूर्ण रहेको छ । स्थानीय ज्येष्ठ नागरिक मनबहादुर बुढाथोकी जंगली जनावर घोरल प्रशस्त मात्रामा पाइने भएकाले यस भिरको नाम घोर्लेभिर रहन गएको बताउँछन् । घोरलहरूको बासस्थान भएको कारणले नै घोरल भिरबाट अपभ्रंश हुँदै बोलीचालीमा सहजताका लागि घोर्लेभिर नामाकरण गरिएको उनको भनाइ छ । पहिलेपहिले त्यस भिरमा स्थानीय गाउँलेहरूले गाईवस्तु, बाख्रा चराउन लैजाँदा बाख्रासँगै घोरल चर्ने, रमाउने र खेल्ने गरेकाले त्यस भिरको नाम घोर्लेभिर रहन गएको उनको भनाइ छ । ‘हामी केटाकेटी हुँदा बाख्रा चराउन घोर्लेभिर जान्थ्यौं, त्यतिबेला घोरलहरू बाख्रासँगै चर्ने गर्दथे । बेलुका बाख्रा घरतिर ल्याउँदा घोरलहरू पनि बाख्रासँगै आउथे र बाख्राहरू खोरमा पसेपछि ती घोरलहरू जंगलतिरै जाने गर्दथे,’ बुढाथोकीले सुनाए ।

साहसिक पर्यटनमा रुचि राख्ने पर्यटकहरूका लागि घोर्लेभिर आकर्षक गन्तव्य बन्नसक्ने प्रशस्त सम्भावना रहेको स्थानीय समाजसेवी यामकुमार बुढाथोकी बताउँछन् । ‘घोर्लेभिर क्षेत्र आसपासमा पदयात्राका लागि उत्कृष्ट वातावरण छ । माङसेबुङ गाउँपालिका कार्यालयदेखि घोर्लेभिर डाँडासम्म र १ नम्बर वडा कार्यालयदेखि घोर्लेभिर डाँडासम्मको पदयात्रा मार्ग निर्माण गर्न सकिन्छ । उनले भने, ‘घोर्लेभिरको चट्टानी संरचना रक क्लाइम्बिङको पनि उत्तिकै सम्भावना छ ।’

> घोर्लेभिर प्राकृतिक सुन्दरता र जैविक विविधताको दृष्टिलेसमेत महत्त्वपूर्ण छ । एकातिर साहसिक गतिविधिको सम्भावना र अर्कोतर्फ हरियाली शान्त वातावरण । पहिलोपटक घोर्लेभिर पुग्ने जो कोहीले स्वर्गीय आनन्द प्राप्त गर्छन् । घोर्लेभिर वरपरको जंगलमा घोरलसँगै अन्य जंगली जनावरहरुको बासस्थान प्रशस्त पाइन्छ । घोर्लेभिरमा दर्जनौं गुफा, ओडार, चेप र खोपहरु छन् । ती गुफा, ओडार, चेप र खोपमा घोरल, मृग, चितुवाहरु बस्दथे । अहिले पनि घोरल र मृगहरु प्रशस्त देख्न पाइन्छ ।

त्यस्तै सफा मौसम, हावाको सन्तुलित प्रवाह, उचाइ र खुला भूक्षेत्रको उपलब्धताका कारण घोर्लेभिरमा प्याराग्लाइडिङकोसमेत सम्भावना रहेको छ। घोर्लेभिरबाट उडेर तलतिर फेवा खोलाको बगरमा अवतरणका लागि दूरीसमेत पर्याप्त हुने भएकाले प्याराग्लाइडिङको सम्भावना पनि उत्तिकै छ । यस क्षेत्रमा साहसिक गतिविधिका लागि हालसम्म सरकारी निकाय र निजी क्षेत्रबाट कुनै सम्भाव्यता अध्ययन भने नभएको वडाध्यक्ष भूपाल योङहाङ बताउँछन् । ‘घोर्लेभिर नजिकै लामिडाँडाको शिवालय मन्दिरसम्म त गाउँपालिकाको



लगानीमा सडक पुऱ्याइएको छ । बाँकी कुनै काम गर्न सकिएको छैन,’ वडाध्यक्ष योङहाङले भने, ‘आगामी दिनमा वडाका तर्फबाटसमेत घोर्लेभिरको प्रवर्द्धनका लागि कार्यक्रम समावेश गर्नेछौं ।’

माङसेबुङ गाउँपालिका अध्यक्ष हेमन्त राईले पालिकाभित्रका सबै ऐतिहासिक, धार्मिक र पर्यटकीय क्षेत्रहरूको संरक्षण र संवर्द्धनका लागि योजनाबद्ध रूपमा काम गरिरहेको बताए । उनले घोर्लेभिरलाई साहसिक पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सम्भाव्यता अध्ययनको तयारी भइरहेको बताए । ‘घोर्लेभिरमा रक क्लाइम्बिङ र प्याराग्लाइडिङजस्ता साहसिक गतिविधि गर्न सम्भाव्यता अध्ययनका लागि प्रदेश सरकार र संघीय सरकारसमक्ष पेस गरेका छौं,’ अध्यक्ष राईले भने, ‘नेपालका थुप्रै डाँडा टाकुराहरू पर्यटकीय गन्तव्य बनेका छन् । घोर्लेभिर त झन् प्रशस्त सम्भावना भएको क्षेत्र हो ।’ उनले पर्यावरण संरक्षणसँग जोड्दै पालिका पर्यटन विकासमा अघि बढिरहेको बताए ।

अध्यक्ष राईले घोर्लेभिरमा पर्यटन प्रवर्द्धन गर्न योजनाबद्ध रूपमा काम गरिने बताए । त्यसकै लागि पालिकाभित्रका सबै ऐतिहासिक, धार्मिक र पर्यटकीय क्षेत्रको योजनाबद्ध रूपमा प्रवर्द्धन गर्नका लागि गएको साता त्यस्ता १८ वटा क्षेत्रको अध्ययन र अनुसन्धान गर्न पर्यटन पदयात्रा सम्पन्न गरेको उनले बताए । यता, साहसिक पर्यटन विकासका लागि सरकारी नीति स्पष्ट हुन नसक्दा उल्लेख्य प्रगति हुन नसकेको पर्यटन व्यवसायीहरू बताउँछन् । माङसेबुङका पर्यटन व्यवसायी रोशन राई सरकारी नीति उदार नहुँदासम्म साहसिक पर्यटनको विकास चुनौतीपूर्ण रहेको बताउँछन् ।

घोर्लेभिरको टुप्पोबाट चारैतिरका डाँडाकाँडा, स्थानीय जीवनशैलीका बस्तीहरू, हरियाली फाँटहरू एकैसाथ देख्न सकिन्छ । मौसम सफा भएको बेला कञ्चनजंघा र कुम्भकर्ण हिमालसमेत प्रस्टै देखिन्छ । यहाँको मौसम परिवर्तनसँगै देखिने प्राकृतिक दृश्यले जो कोहीलाई स्वर्गीय आनन्द प्राप्त हुन्छ । भौगोलिक बनावटका कारण घोर्लेभिरले प्रकृतिप्रेमी र फोटोग्राफरहरूलाई विशेष आकर्षित गर्ने गर्दछ । स्थानीय बोटबिरुवाको विविधतामा वैज्ञानिक अनुसन्धान, औषधीय अध्ययन र वनस्पतीय पर्यटनका लागि पनि यो ठाउँ सम्भावनायुक्त मानिन्छ । साथै, जैविक कृषि, मौरीपालन र जडीबुटी खेतीको सम्भावनासमेत प्रशस्त छ ।

घोर्लेभिर प्राकृतिक सुन्दरता र जैविक विविधताको दृष्टिलेसमेत महत्त्वपूर्ण छ । एकातिर साहसिक गतिविधिको सम्भावना र अर्कोतर्फ हरियाली शान्त वातावरण । पहिलोपटक घोर्लेभिर पुग्ने जो कोहीले स्वर्गीय आनन्द प्राप्त गर्छन् । घोर्लेभिर वरपरको जंगलमा घोरलसँगै अन्य जंगली जनावरहरूको बासस्थान प्रशस्त पाइन्छ । घोर्लेभिरमा दर्जनौं गुफा, ओडार, चेप र खोपहरू छन् । ती गुफा, ओडार, चेप र खोपमा घोरल, मृग, चितुवाहरू बस्दथे । अहिले पनि घोरल र मृगहरू प्रशस्त देख्न पाइन्छ । चितुवाहरू भने पाउन छाडिएको स्थानीय गणेश नेपाल बताउँछन् । ‘मैले बाल्यकालदेखि घोर्लेभिर हेर्दै आएको छु । पहिले हामी गाईबाख्रा चराउने, जडीबुटी टिप्ने ठाउँ थियो । यहाँ प्रशस्त जंगली जनावरहरू पाइन्थे,’ उनले भने, ‘अहिले कम हुँदै गएको छ । समयमै यस क्षेत्रको प्रवर्द्धन नगर्ने हो भने यहाँको जैविक विविधता हराउँदै जाने जोखिम रहेको छ ।’

घोर्लेभिर वरपरका जंगलमा जैविक महत्त्वका विभिन्न जडीबुटीजन्य वनस्पतिहरू समेत प्रशस्त पाइन्छ । भोर्लो, चिउरी, लालीगुराँस, सुनाखरी, कुरिलो, असुरो, बुढो ओखर, हटचुर, अमला, हर्रा, बर्रा, पुदिना, तीतेपाती, मालागिरि, पांग्रा, बल्ढंग्रा, कुकुरडाइनो, सिकारी लहरा, बाबियो, दार, गुर्जोलगायत जैविक महत्त्वका खोपोन्मुख जडीबुटीहरू पाइन्छन् । घोर्लेभिरको बीच भागमा घोरल र मृगले चाट्ने ‘खार’ नुनिलो स्वादको हुने भएकाले घोरल र मृगले नुनको स्वाद त्यही खार चाटेर लिने गर्दछन् ।

घोर्लेभिर र आसपासका क्षेत्रमा भौतिक पूर्वाधारको विकास भने हुन सकेको छैन । त्यहाँसम्म पुग्न पक्की बन्न सकेको छैन । विद्युत् र खानेपानी पनि विस्तार हुन सकेको छैन । गाउँपालिका कार्यालयबाट बताहा दोभान हुँदै तोभाङ भञ्ज्याङसम्म सवारी साधनमार्फत र त्यहाँबाट करिब आधा घण्टाको उकालो पैदल यात्रापछि घोर्लेभिर पुग्न सकिन्छ । *रासस*



**भितामा कोरिएको चित्र** | काठमाडौंको तारकेश्वर नगरपालिका–४ ले दगुर्नेपानी सडक भितामा तारकेश्वर नगरपालिकाभित्रका धार्मिकस्थल, मन्दिर, संस्कृतिक पर्व तथा कलाकृतिहरू प्रतिबिम्बित गर्ने गरी कोरिएको चित्रकला । *तस्बिरः हरिराम भेटुवाल/रासस*

# यार्सागुम्बा संकलनका लागि शिक्षक-विद्यार्थी हिमालतिर, विद्यालय बन्द

■ **नरेन्द्रसिंह कार्की**

**दार्चुला–** यहाँको अपी हिमाल गाउँपालिकाका शिक्षक-विद्यार्थी लेकतिर गएपछि विद्यालय बन्द गरिएका छन् । यार्सागुम्बा संकलनका लागि गाउँपालिका क्षेत्रका शिक्षक, अभिभावक र विद्यार्थी लेक गएपछि विद्यालय बन्द गरिएका हुन् ।

गाउँपालिकाका शिक्षा शाखा अधिकृत वीरेन्द्रसिंह साउदले यार्सा संकलनको 'सिजन' सुरु भएकाले जेठ ४ गतेदेखि पालिकाभरिका विद्यालय २० दिनका लागि बन्द गरिएको जानकारी दिए । बर्खे बिदाबाट मिलान गर्ने गरी हाल विद्यालय बन्द गरिएका र यही जेठ २४ गते खुला गरिने उनले बताए ।

जडीबुटी संकलन गरिने भएकाले यहाँ हरेक वर्ष यही समयमा अधिकांश विद्यालय बन्द हुने गरेका छन् । गाउँपालिकाभरिका २४ सामुदायिक विद्यालयमा अध्यननरत अधिकांश विद्यार्थी यार्सालगायत अन्य जडीबुटी संकलनका लागि अभिभावकसँगै लेकतिर जाने गरेका छन् ।

अपी हिमाल गाउँपालिका-२ का स्थानीय गगनसिंह लोथ्याल यार्सागुम्बा संकलन गरेर केटाकेटी पढाउन र अन्य आवश्यकता पूर्तिका लागि आर्थिक जोहो गर्न हरेक वर्ष लेक जानुपर्ने बाध्यता रहेको बताउँछन् । उनी भन्छन्, 'वर्षभरिको कमाइ यही यार्सागुम्बा हो । बालबालिकालाई लिएरै जानुपर्ने अवस्था छ, नभए के खानु, कसरी पढाइ खर्च जुटाउनु !' अन्न उत्पादन कम हुने भएकाले स्थानीयले जेठ-असारमा संकलन गरिएको जडीबुटी बेचेर वर्षभरिको खर्च चलाउँदै आएका छन् । त्यसका लागि कतिपय घरमा ताल्चा लगाएर लेकतिर जाने गरेका छन् । यहाँ वर्षौंदेखि यसरी नै यार्सागुम्बा खोज्ने गरिन्छ । खेतबाट उत्पादन हुने अन्नबाली तीन महिना पनि राम्रोसँग खान नपुग्ने भएकाले आफूहरूले यस्तो काम गर्नुपरेको लोथ्यालको भनाइ छ ।

गाउँपालिका-३ का कमलसिंह धामी पनि वर्षभरिका अत्यावश्यक आवश्यकता पूर्तिका लागि यार्साको जोहो गर्नुपरिरहेको बताउँछन् । 'अधिकांश ठाउँ भिरालो पाखो जमिन हो । दुई महिना यार्सागुम्बा संकलन गरेर वर्षभरिको जोहो चलाउन ठिक्क हुन्छ । हामी अभिभावकभन्दा बालबालिकाले यार्सागुम्बा बढी भेट्टाउँछन्,' उनले भने, 'यार्सा खोज्न निकै कष्टकर भए पनि जीविका चलाउनका लागि यसैको भर पर्नुपर्छ ।'

यार्सागुम्बा संकलनकै लागि काठमाडौं, धनगढी, दार्चुला सदरमुकाम खलंगामा अध्ययन गर्न गएका विद्यार्थीसमेत पाटन क्षेत्रमा पुग्ने गरेका छन् । काठमाडौंमा अध्ययन गर्दै आएका जय धामीले भने, 'यार्सागुम्बा संकलनका लागि वैशाख अन्तिम साताअघि नै गाउँ पुगेको हो । एक महिना यहाँ बस्छु अनि काठमाडौं फर्किने !' उनी दैनिक २० देखि ३० वटा यार्सागुम्बा भेट्टाउने गरेको सुनाउँछन् । 'यार्सागुम्बा भेटिएको वर्ष त आम्दानी राम्रै हुन्छ । सधैं धेरै भेटिन्छ भन्ने पनि हुँदैन । हिउँ परेका बेला चिसो र हिउँ पहिरोको त्रास हुन्छ । यो वर्ष गत वर्षको भन्दा अलि राम्रो यार्सागुम्बा छ, राम्रै आम्दानी हुने अपेक्षा छ,' धामीको भनाइ छ ।

यहाँका स्थानीय वैशाख अन्तिमसाता नै यार्सागुम्बा संकलनका लागि पाटन गइसकेका छन् । छोटो समयमा राम्रो आम्दानी हुने मुख्य स्रोत भएकाले पनि यहाँका हरेक घरघरबाट पाटन जाने गरिएको छ । दार्चुला बहुमुखी क्याम्पस खलंगामा अध्ययरत नौगाड गाउँपालिकाका खडकसिंह धामी जेठ पहिलो साता यार्सागुम्बा खोज्न अपी पुगिसकेका छन् । 'एक महिना यार्सागुम्बा खोजेर कलेजको पढाइलाई निरन्तरता दिन्छु,' उनले भने, 'हाल पढाइमात्रै भनेर हुँदैन, पैसा पनि कमाउनुपर्‍यो । वर्षमा दुई बालीमात्र हुने अपी हिमालका खेतबाट उत्पादित अन्नले वर्षभरि पुग्दैन । घरमा जागिर नहुनेका लागि यही विकल्प छ ।'

आम्दानीमात्रै होइन यहाँ जोखिम पनि उत्तिकै हुन्छ । पटक-पटक असिना पानी आउने, हिमपहिरो खस्ने डरका बीच यार्सागुम्बा संकलन गर्नुपरेको संकलक मानसिंह धामी बताउँछन् । उनका अनुसार घरको उत्पादनले खान नपुगेपछि लालाबालासहित अधिकांश स्थानीय जोखिम मोलेर पाटन जान्छन् । १२ देखि ५० वर्षसम्मका सबै मानिसहरू पाटनमा जाने गरेका छन् । यार्सा सिजन सुरु भएसँगै जिल्लाको मार्मा, नौगाड, व्यास गाउँपालिकाका बासिन्दा पनि लेक उक्लिएपछि यहाँका कतिपय घरमा ताला लागेका छन् ।

जिल्लामा सबैभन्दा बढी अपी हिमालको लोलु, रिङ्देपानी, सतगंगा कालीढुंगा, काटै, घट्टेखोला, धरमघर, क्षति, सातगंगा, चाइमटेलालगायत क्षेत्रमा सयौं संकलकहरू पुगेका छन् । यस्तै, व्यास गाउँपालिकाको अपिफेद, दोपाखे, दुधिवनलगायतका ठाउँमा यार्सागुम्बा संकलन हुने गर्छ ।

जिल्लामा अपिनाम्पा संरक्षण क्षेत्र कार्यालयले यार्सागुम्बा संकलनका लागि हरेक वर्ष अनुमतिपत्र जारी गर्ने गर्छ, तर संकलकहरू लेक पुगिसक्दा पनि सो कार्यालयबाट हालसम्म करिब ७०० जतिले मात्रै अनुमति लिएका छन् । कार्यालयले जिल्लाका १० वटा ठाउँबाट संकलन अनुमतिपत्र जारी गरिरहेको कार्यालय प्रमुख संरक्षण अधिकृत विनयकुमार झाले बताए ।

सबैले अनिवार्य रूपमा परिचयपत्र लिएर मात्रै संकलन गर्नुपर्ने कानुनी प्रावधान छ तर त्यसको पूर्ण पालना भएको देखिँदैन । जिल्लाबाट हरेक वर्ष पाँचदेखि सात क्विन्टलसम्म यार्सागुम्बा निकासी हुने गरेको संरक्षण क्षेत्र कार्यालयले बताउने गरेको छ । *रासस*

# क्याम्पस सञ्चालनले विपन्नलाई उच्च शिक्षा लिन सहज

■ **गोपालप्रसाद बराल**



**महोत्तरी–** 'पढ्न मन छँदाछँदै नजिकमा कलेज नहुँदा उच्च शिक्षाको रहर मार्नु परेको थियो, अब घरकै सातुपिठो खाएर पढ्न पाइने भयो,' महोत्तरीको ग्रामीण परिवेशको भंगाहामा स्नातक क्याम्पस सञ्चालनमा आएपछि नामांकन गराएकी भंगाहा-५ की विभा कापरले भनिन्, 'अब मेरो रहर पूरा हुनेभयो ।'

छ वर्षअघि ११ र १२ कक्षाको पढाइ सकेकी विभाले नजिकमा स्नातक तह पठनपाठन हुने क्याम्पस नभएकाले उच्च शिक्षा पढ्न नपाएको बताइन् । 'आर्थिक अवस्था बाहिर गएर पढ्न सक्ने थिएन, छोरी बाहिर पढ्न पठाउन अभिभावकले मान्दैनन्,' उनले भनिन् ।

विभाजस्तै भंगाहा-३ की ममताकुमारी चौधरी थारुले ११ र १२ कक्षा सकेको पाँच वर्षपछि यसपालि स्नातक तहको अध्ययनका लागि नामांकन गरिन् । नजिकमा क्याम्पस नहुँदा उच्च शिक्षाको रहर मारेका अमृता चौधरी, जेसिका भुजेल, गुड्डुकुमारी चौधरी, मञ्जु साह र निशा महतोलाई पनि अहिले उच्च शिक्षाको रहर पूरा गर्ने अवसर जुटेको छ ।

भंगाहा-५ सीतापुरबजारमा भर्खरै सिद्धनाथ क्याम्पस सञ्चालनमा आएपछि नगरक्षेत्रका विपन्न परिवारका छोराछोरीलाई उच्च शिक्षा पढ्न सहज भएको हो । क्याम्पसको उद्घाटन गरिएसँगै अहिले नामांकन गर्ने लहर चलेको क्याम्पस प्रमुख राजेन्द्र यादवले बताए । 'क्याम्पस उद्घाटन भएर सञ्चालनमा आएको एक साता भयो, छात्रछात्राले धमाधम नामांकन गराइरहेका छन्,' उनले भने, 'अहिलेसम्म ४० जनाले नामांकन गराइसकेका छन् ।'

पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित उक्त क्याम्पसमा भर्ना हुनेमा छात्रभन्दा छात्रा बढी छन् । अहिलेसम्म २५ छात्रा र १५ छात्र भर्ना भएका छन् । नगरपालिका नेतृत्वले पहलकदमी लिएर धार्मिकस्थल सिद्धनाथ महादेव मन्दिरको नाममा सिद्धनाथ क्याम्पस' स्थापना गरेको हो । हाल यहाँ शिक्षाशास्त्र संकायतर्फ अंग्रेजी, नेपाली र स्वास्थ्य विषयको पठनपाठन सुरु गरिएको क्याम्पस प्रमुख यादवले जानकारी दिए । आगामी वर्ष थप विषय र वाणिज्य संकायको स्वीकृतिका लागि पहल गरिने उनको भनाइ छ ।

नौ वडा रहेको भंगाहा नगर क्षेत्रमा ४० भन्दा बढी बस्ती छन् । यहाँको जनसंख्या २०७८ सालको राष्ट्रिय जनगणनाअनुसार ५५ हजार ३५४ छ । यद्यपि, यो संख्या पछिल्ला चार वर्षभित्र ६० हजारको हाराहारीमा पुगेको नगरप्रमुख सञ्जीवकुमार साह बताउँछन् । नगर क्षेत्रमा ३० सामुदायिक विद्यालय छन् । जसमध्ये माध्यमिक विद्यालयको संख्या यसपालि नौ पुगेको उनले जानकारी दिए । तर ११ र १२ कक्षा पठनपाठन हुने एकमात्र मावि छ ।

नगर क्षेत्रमा पहिलो क्याम्पस सञ्चालनमा आएसँगै १२ कक्षा उत्तीर्ण गरेकाहरू धमाधम स्नातक तहमा भर्ना हुन थालेका छन् । यसमा छोरीबुहारीको संख्या नै बढी छ । थारु, दनुवार, बाँतर, मुसहर, कापर, चमार, धानुक र मुस्लिमसहितका जाति समुदायको सघन बसोबास रहेको भंगाहा नगरपालिका क्षेत्रमा क्याम्पस स्थापना र सञ्चालनले सर्वसाधारण खुसी छन् ।

'हाम्रो ठाउँमा कलेज खुले छ, नातिनातिनाले घरकै सातुपिठो खाएर दुःखजिलो गरी पढ्न सक्छन्,' भंगाहा-४ पलार बस्तीका ८० वर्षीय चौठी बाँतर भन्छन्, 'यो कलेजले छोरीबुहारीलाई सजिलो भएको छ ।' आफूहरूले पढ्न नपाए पनि अबको पुस्ताले पढ्नुपर्छ भन्ने थाहा पाएको उनी बताउँछन् ।

हुनेखानेले छोराछोरी सहरबजार पुर्‍याएर पढाए पनि यहाँका विपन्न बस्तीका थारु, दनुवार, बाँतर, मुसहर, कापर, धानुक र मुस्लिमसहितका समुदायका आम सर्वसाधारणका छोराछोरीले उच्च शिक्षा पढ्न पाएका छैनन् । बाँतर र मुसहर त शैक्षिक, आर्थिक, सामाजिक र सांस्कृतिकरूपमै विभिन्न अवसरबाट वञ्चित छन् । गरिबीले सन्तान पढाउन नसकेको भंगाहा-४ रामनगरको दलित बस्तीका जुगल सदा मुसहर बताउँछन् । नगरपालिका भए पनि विकासका अवसरबाट पछि रहेको भंगाहा नगरपालिकाका नौ वडाका ४० बस्ती सबै नै ग्रामीण परिवेशका छन् । भंगाहा-५ सीतापुरका ६२ वर्षीय अमरबहादुर भुजेल अब छोराछोरीका लागि उच्च शिक्षा हासिल गर्न सहज हुने बताउँछन् । *रासस*

# अख्तियारमा वीरगञ्ज महानगरसम्बन्धी उजुरी धेरै

**पर्सा (प्रस)–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा यहाँका १४ पालिकामध्ये सबैभन्दा धेरै वीरगञ्ज महानगरका कामकारबाहीसम्बन्धी उजुरी परेका छन् । आयोगका हेटौंडा कार्यालयका अनुसार चालु आर्थिक वर्षको १० महिनामा वीरगञ्ज महानगरसम्बन्धी १४१ उजुरी परेका छन् । कार्यालयका प्रहरी नायब उपरीक्षक राजीव श्रेष्ठले पर्साका पालिकामध्ये सबैभन्दा धेरै उजुरी वीरगञ्ज महानगरका परेको जानकारी दिए ।

'चालु आवको १० महिनामा वीरगञ्ज महानगरमा १४१ उजुरी परेका छन्,' उनले भने, 'सोही अवधिमा पटेर्वा सुगौली र जिराभवानी गाउँपालिकाको उजुरी भने शून्य रहेको छ ।'

कार्यालयका अनुसार चालु आवको वैशाख मसान्तसम्म छिपरमाई गाउँपालिकामा १०४ उजुरी परेका छन् । यस्तै, बहुदरमाईमा २३, पोखरियामा २९, कालिकामाईमा छ, पकाहाँमैनपुरमा १७, जगरनाथपुरमा चार, धोबिनीमा १०, विन्दावासिनीमा आठ, पर्सागढीमा चार, सखुवाप्रसौनी र ठोरी गाउँपालिकाका तीन/तीनवटा उजुरी परेका छन् । चालु आवको १० महिनामा जिल्लाका स्थानीय तहसम्बन्धी ३५२ वटा उजुरी परेका छन् जबकि गत आवभरिमा १७२ वटा उजुरी परेका थिए ।

कार्यालयका अनुसार चालु आवको १० महिनाको अवधिमा वीरगञ्ज महानगरसम्बन्धी १०२ उजुरी फर्स्योट भएका छन् । यस्तै, छिपरमाइसम्बन्धित उजुरी पनि ५७ र बहुदरमाईसम्बन्धित नौवटा उजुरी फर्स्योट भएका छन् ।

प्रहरी नायब उपरीक्षक श्रेष्ठले स्थानीय तहमा सार्वजनिक खरिद प्रक्रियाका विषयमा धेरैजसो उजुरी आउने गरेको बताए । 'स्थानीय तहमा विशेष गरेर सार्वजनिक खरिद र निर्माण प्रक्रियासम्बन्धी उजुरी धेरै आउने गरेका छन्,' उनले भने, 'गलत इस्टिमेट तयार पार्ने, खरिद प्रक्रिया र कानुनको परिपालन नगर्ने समस्या छ ।'


**प्रमाणपत्र हरायो**

मिति २०८२/०२/०२ गते काठमाडौं वडा नं. ७ सिफलदेखि गौशलासम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरु साथै सक्कली एस.एल.सी. सर्टिफिकेट तथा कक्षा ११ र १२ प्लसटु (+2) माईग्रेसन ट्रान्सक्रिप्ट सर्टिफिकेट, हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : Raju Kumar Basnet
कलेज नाम : Diktel Multiple Campus
रजिष्ट्रेशन नं. (SLC-SN.No:6812038043)(NEB-701301132)
सिम्वोल नं. (SLC-0121543 'S')(NEB-41300041)
ठेगाना : Diktel, Khotang, Nepal
सम्पर्क नं : 9852849366

**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १२ अंक ३० जेठ ९ गते २०८२ मा प्रकाशित **Himalayan Human Resources Nepal Pvt. Ltd.** को **SERVEU** कम्पनीको Lot No. 324081 विज्ञापनमा मेनपावरको नाम **HIMALAYAN HUMAN RESOURCES NEPAL PVT. LTD.** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

HIMALAYAN HUMAN RESOURCES NEPAL PVT. LTD.
Basundhara Chowk-8,Tokha, Kathmandu, Nepal, Tel: 01-4354342, Cell: +977 9823348542,
E-mail : hrnhimalayan@gmail.com, Web: www.hrnhimalayan.com

**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०२/१०

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व. २०८१/०८२ मा उत्पादन भइ घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ५३ को ५३०.४७ घनफिट काठ र साल जातको दाउरा ०.७५ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**देउपुर सामुदायिक वन उपभोक्ता समूह**
**बागमती- ८, मकवानपुर**

**हाईपुट प्रा.लि (लिक्विडेसन) सम्बन्धमा हकदाबी गर्न आउने बारे सूचना**

कम्पनी ऐन २०६३ बमोजिमको मिति २०७५/०८/०७ मा दर्ता भएका २०२९५८/०७५/०७६ को दर्ता मिति २०७५/०८/०७ को हाईपुट प्रा.लि लाई खारेजी लिक्वीडेसन) मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०६५/०२/०५ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले तिर्नु व्यहोर्नु पर्ने ऋण धन एवं कोहि कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सब्द प्रमाण सहित सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र निम्न लिखित लिक्वीडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**रमेश हरि अधिकारी**, लिक्विडेटर
दामासाही प्र.प.नं. -५४७/मोबाइल नं. ९८४२६३८३६७

**हरिपुर्वा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
हरिपुर्वा, सर्लाही
मधेश प्रदेश, नेपाल

**क्याटलग सपिङ्ग विधिबाट एम्बुलेन्स खरिद गर्ने सम्बन्धि सूचना**

**प्रकाशित मिति : २०८२/०२/०९**

यस नगरपालिका अन्तरगत संचालित रहेको नगर अस्पताल, हरिपुर्वामा आवश्यक एम्बुलेन्स उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा अधिकृत/आधिकारिक बिक्रेताहरुले कम्पनी /फर्म दर्ता, भ्याट दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र, Letter Of Authorization, आ.व.०८०/०८१ को मू.अ.कर र आयकर चुक्ताको प्रमाण पत्र लगायतका कागजातहरुको प्रमाणित प्रतिलिपीहरु समावेश गरी उपलब्ध गराउने एम्बुलेन्सको आधिकारिक स्पेसिफिकेशन, मूल्य र सुविधा सहितको गुणस्तर विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले १० (दश) दिन (मिति २०८२/०२/१८ गते) भित्र यस कार्यालयको कार्यालय समयमा रितपुर्वक प्रस्ताव दर्ता गराउनुहुन सार्वजनिक खरिद नियमावली २०६४, को नियम ३१(ख) बमोजिम सम्बन्धित उत्पादका कम्पनी वा आधिकारिक बिक्रेताहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै उक्त प्रस्ताव ११(एघार) दिनको ५:०० बजे यस कार्यालयमा खोलिनेछ । विस्तृत स्पेसिफिकेशन लगायतका थप जानकारीका लागि कार्यालयमा सम्पर्क गर्न सकिने गराईन्छ ।

**आवश्यक एम्बुलेन्सको विवरण:-**

| क्र. सं. | एम्बुलेन्सको विवरण | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| 1. | 1 Unit of Ambulance, 4 WD Type "Kha" | स्वीकृत स्पेसिफिकेशन यस कार्यालयको वेभसाईट www.haripurwamun.gov.np हेर्न सकिन्छ । | |

**प्रमुख प्रशासकीय अधिकृत**

**कुवेतमा रोजगार** — कम्पनी : AL FAISALIAH CONTRACTING CO. FOR CLEANING BUILDING ROADS & CITIES

पूर्व स्वीकृति मिति : २०८१/०७/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/०९ | LT. No. 313236 | चलानी नं. ६०२२७७८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging Worker | 99 | 150 | 85 | ३८,०४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १७ गते (31st May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. 1543/078/079
Index Recruitment Pvt. Ltd.
Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np

**कुवेतमा रोजगार** — कम्पनी : Dry Station Nails Ladies Beauty Salon Company

पूर्व स्वीकृति मिति : २०८२/०२/०९ | LT. No. 324375 | चलानी नं. ६०२३८३३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 3 | 150 | ६७,१४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure/pedicure | 0 | 4 | 150 | ६७,१४५ | | | | | | | |
| 3 | Nail Artist | 0 | 3 | 150 | ६७,१४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १७ गते (31st May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MAKI OVERSEAS PVT. LTD.
LIC No. 1754/081/082
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: 01-5916205, Mob: 9863484949 (Lila sir)
E-mail : info@makioverseas.com, Web: https: www.makioverseas.com

**कुवेतमा रोजगार** — कम्पनी : Alnasr Company For Glass Products Manufacturing

पूर्व स्वीकृति मिति : २०८२/०२/०९ | LT. No. 324382 | चलानी नं. ६०२३८३६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 16 | 0 | 130 | ५८,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Wardat Al-Jabriya Ladies Beauty Co.

पूर्व स्वीकृति मिति : २०८२/०२/०९ | LT. No. 324383 | चलानी नं. ६०२३८३६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser/hair Stylist | 0 | 3 | 150 | ६७,१४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Make Up Artist | 0 | 2 | 150 | ६७,१४५ | | | | | | | |
| 3 | Manicurist/nail Technician | 0 | 3 | 150 | ६७,१४५ | | | | | | | |
| 4 | Spa Therapist | 0 | 2 | 150 | ६७,१४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १७ गते (31st May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

**साउदीमा रोजगार** — कम्पनी : FAHD AL-HUMAIDAN ARTS CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०२/०९ | LT. No. 324291 | चलानी नं. ६०२३८३२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Lording Labors | 90 | 0 | 1000 | ३६,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १७ गते (31st May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | १०,०००/- | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Paradeshi Overseas Services Pvt. Ltd.
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal, Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com, Website: www.paradeshioverseas.com.np
Govt. License 387/059/060

# प्रभाव दैनिक

शनिबार, १० जेठ, २०८२ (Saturday, May 24, 2025)


रूपशाला

**प्रकाशलाई नूर-गंगा नवप्रतिभा राष्ट्रिय लोकगायन पुरस्कार**

गायक प्रकाश दूतराजलाई 'नूर-गंगा नवप्रतिभा राष्ट्रिय लोकगायन पुरस्कार २०८०' प्रदान गरिएको छ । लोकगीतको संरक्षण र प्रवर्धनमा पुऱ्याएको योगदानको कदर गर्दै पुरस्कार गुठीले नगद २५ हजार रूपैयाँसहित पुरस्कृत गरेको हो । म्याग्दी घर भएका दूतराज मौलिक लोकगीत सिर्जनामा सक्रिय छन् । 'घर कता हो बैनीको', 'रिमै', 'रेशम'लगायत उनका गीतहरू युट्युबमा चर्चित छन् । हालै सार्वजनिक गरेको 'रामसाइँली' गीत पनि चर्चित छ ।



# अभिनेता हमाल अभिनीत चलचित्र 'नरसिंहा अवतार' प्रदर्शनमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेता राजेश हमाल आठ वर्षको अन्तरालपछि चलचित्रमा देखिएका छन् । उनले अभिनय गरेको चलचित्र 'नरसिंहा अवतार' शुक्रबारदेखि नेपालभर प्रदर्शनमा आएको छ । आफूले सुहाउँदो र अनुकूल भूमिका पाएकै कारण चलचित्र अभिनयमा पुनः फर्किएको अभिनेता हमालले बताए ।

'मलाई चलचित्रमा काम गर्ने प्रस्ताव धेरै आइरहेका थिएँ । तर, मैले आफ्नो पात्रलाई सुहाउँदो भूमिका पाइनँ र अन्य काममै व्यस्त भएँ । यस चलचित्रमा प्रस्ताव गर्दा पनि म अभिनय गर्ने मनस्थितिमा थिइनँ, तर निर्देशकले पटकथा सुनाउनुभएपछि मैले खोजेको जस्तो भूमिका पाएँ । चलचित्रको विषयवस्तु, म सुहाउँदो भूमिका र विश्वास गर्न सकिने निर्देशक, निर्माताको समूहले गर्दा म चलचित्रमार्फत ठूलो पर्दामा पुनः आएँ', अभिनेता हमालले भने ।

अभिनेता हमालले विगतका वर्षमा चलचित्रमा अभिनय गर्ने प्रस्ताव आए तापनि चित्त बुझ्दो र सुहाउँदो भूमिका नपाएकाले ठूलो पर्दामा नदेखिएको स्पष्ट गरे । विशेषतः उनले अभिनय गरेको दुई चलचित्र 'वाग्मती' र 'सकुन्तला' असफल भएपछि चलचित्रभन्दा विज्ञापन, मेला महोत्सव र टेलिभिजनजस्ता कार्यक्रममा व्यस्त भए ।

'कथावस्तु मन परेर अभिनय गरेका चलचित्र प्रदर्शनमा आउँदा मैले 'मेकिङ' मा त्यो गुणस्तरीयता पाइनँ । त्यसकारण केही समय विश्राम लिएँ र त्यो समयमा म अन्य गतिविधिमा व्यस्त भएँ । यसपटक सबैले मेहनत गरेका छौँ, दर्शक प्रतिक्रिया बुझ्न म पनि प्रतीक्षारत छु', अभिनेता हमालले भने ।

निर्देशक दिवाकर भट्टराईले स्थापित अभिनेता हमाललाई पुनः चलचित्रको पर्दामा ल्याउनु आफ्ना लागि अवसर र चुनौती रहेको बताए । 'अभिनेता हमालको प्रशंसक (फ्यान) का बारेमा मैले बोल्नै पर्दैन । उहाँलाई हेर्न चलचित्र भवनसम्म आउनुहुने दर्शकले निराश हुनुपर्दैन, आफूले गरेको कामप्रति विश्वस्त छु । हाम्रो चलचित्रको मुख्य आकर्षण कथा नै हो, त्यहाँ परिवेशअनुसार सबै 'पात्र'लाई सुहाउँदो भूमिकामा प्रस्तुत गरेको छु', निर्देशक भट्टराईले भने ।

उक्त चलचित्रमा अभिनेता हमालसँगै राज कटुवाल, नीति शाह, सनिषा भट्टराई, सरोज खनाल, दीपा शाही, उषा खड्गी र बाल-कलाकारहरू एभेलिना खड्का र समाइरा थापाले अभिनय गरेका छन् ।

चलचित्र 'नरसिंहः अवतार' नेपालभर १३३ शो प्राप्त गरेको निर्माण पक्षले जनाएका छन् । नेम महर्जन, दीपक शर्मा ढकाल, नरेन्द्र महर्जन र ध्रुव न्यौपानेले चलचित्रलाई संयुक्त रूपमा निर्माण गरेका हुन् ।

# 'म्यान अफ द वर्ल्ड २०२५' मा सहभागी हुन दुलाल फिलिपिन्स प्रस्थान

■ प्रभाव संवाददाता



**काठमाडौं–** 'म्यान अफ द वर्ल्ड नेपाल २०२४' विजेता आयुष दुलाल फिलिपिन्स प्रस्थान गरेका छन् । फिलिपिन्समा मे २३ देखि ३१ तारिखसम्म आयोजना हुने अन्तरर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता 'म्यान अफ द वर्ल्ड २०२५'मा सहभागी हुन उनी बिहीबार राति त्यसतर्फ प्रस्थान गरेका हुन् ।

उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलमा 'मिष्टर नेपाल २०२३' विजेता समर्पण कार्की, निमेष कपाली, 'मिष्टर वर्ल्ड २०२४'सन्तोष लोक्सम, 'मिष्टर ग्लोबल २०२४' योगेश श्रेष्ठ, मिष्टर नेपालको रिजनल डाइरेक्टर सन्दीप केसी, नेशनल डाइरेक्टर रवि धमला, नेक्स्ट मोडल्स नेपालकी प्रबन्ध निर्देशक यतना पाण्डे लगायतले बिदाइ गरेका थिए ।

दुलालले 'मिस्टर नेपाल २०२४'मा 'म्यान अफ द वर्ल्ड नेपाल २०२४' जित्दै यो अवसर प्राप्त गरेका हुन् । प्रतियोगितामा उनले 'वेस्ट पर्सनालिटी'को अवार्ड जितेका थिए । ३५ बढी देशका सहभागी रहने प्रतियोगितामा दुलाल नेपालको एक्लो प्रतिनिधि हुन् ।

प्रतियोगितामा नेपाली कला संस्कृति चिनाउन दुलालले नेशनल कस्ट्युम राउन्डका लागि विभिन्न नेवारी कला संस्कृति झल्कने नेपाली ड्रेस तयार पारेका छन् । त्यसका अलवा खुकुरीमा नेपालको झन्डा भएको गिफ्ट समेत सबै सहभागीलाई दिन लिएर गएका छन् ।

'प्रतिस्पर्धाको माध्यमबाट अन्य देशका सहभागीसँग जोडिए पनि उनीहरूसँग म दाजुभाइको सम्बन्ध बनाउनेछु', दुलालले भने 'नेपालको हिमाल, बुद्ध लगायतको वर्णन गरेर नेपाल भ्रमणको निम्तो समेत दिनेछु ।' आफूले नेपालका कल्चर प्रचार र पर्यटन प्रवर्धनमा उक्त प्लेटफर्म सक्दो सदुपयोग गर्ने धारणा राखे ।

# लक्ष्मीले ल्याइन् 'नौली हदेली'

**काठमाडौं (प्रस)–** सुदूरपश्चिमकी चर्चित गायिका लक्ष्मी आचार्यले नयाँ गीत 'नौली हदेली' ल्याएकी छन् । उनको यो यो गीत पनि देउडा फ्युजनमै रहेको छ । यसअघि उनले ल्याएको देउडा फ्युजन गीत 'भन साली' दर्शकले अत्यधिक रुचाएका थिए ।

यसको अलवा उनले ल्याएको 'ओ मेरी भाउजु', 'लाई हेल कालो टिको', 'जोई प्यारी जारीकी', 'रतन चढी इजु' लगायत गीत पनि सुपरहिट भएको थियो ।टिपिकल गीतबाट राष्ट्रिय परिचय समेत बन्न गाह्रो भएको समयमा अन्तरर्राष्ट्रिय चर्चाका लागि आफूले देउडा फ्युजनमा बनाएको ने गायिका आचार्य बताउँछिन् ।

'हिजोको दिनमा देउडा नसुन्ने पूर्वमा पनि फ्युजनमा कारणले सुन्न थालेका छन्', गायिका आचार्य भन्छिन् 'देउडा गीत, लय सबैमाझ पुऱ्याउने हिसाबले फ्युजन थालेकी हुँ ।' विदेशमा समेत चर्चा कमाउन सफल उनी टिपिकल गीतबाट अन्तर्राष्ट्रिय पहुँच बनाउन कठिन हुने बताइन् ।

विगत १४ वर्षदेखि गायनमा सक्रिय उनले 'नौली हदेली' गीत नेपाल आइडलबाट चिनिएका गायक प्रदाप दाशसँगको सहकार्यमा गाएकी छन् । गायक प्रतापको देउडा गीत यो नै पहिलो हो । देउडा सुदूरपश्चिमको निकै मिठो र राम्रो कल्चर भएको कारण गाउन पाएकोमा दाश एकदमै खुसी छन् ।

पहिलो पटक देउडा गाए पनि प्रतापले गीतलाई भने न्याय गरेका छन् ।'म सुदूरपश्चिममा कार्यक्रम गइरहन्थेँ र देउडा गीत अहिलेसम्म गाएको थिइन', दाशले भने 'यो गीतले मलाई सुदूरपश्चिमसँग झन् नजिक गराएको छ ।'

'नौली हदेली' गीतमा माया प्रेममा रहेका साली भिनाको कथा समेटिएको छ । विवाह गर्छु भनेर बचन दिएर अर्कोसँग सम्बन्ध बनाउने भिनालाई केही वर्षपछि भेट हुँदा साली गर्ने प्रश्न र भिनाले दिने जवाफ गीतमा छ ।

गीतको शब्द तथा सङ्गीत गायिका आचार्यकै हो, भने एरेन्ज देवेश राईले गरेका हुन् । गीतको भिडियोमा अभिषेक खड्का र मिस पविको अभिनय छ । भिडियोको निर्देशन मौसम हिमालीले गरेका हुन् । गीत गायिका आचार्यले आफ्नै अफिसियल युट्युब च्यानल लक्ष्मी आचार्यबाट ल्याएकी हुन् ।

## रंगशाला

# रारा ट्रेल रनको उपाधि बुढालाई




**मुगु (प्रस)–** नेपाली सेनाले आयोजना गरेको 'रारा ट्रेल रन' को उपाधि जुम्लाका युगराज बुढा र सुनमाया बुढाले जितेका छन् ।

नेपाल सबैभन्दा ठूलो ताल रारा वरिपरि १६ किमी दूरी तोकेर नेपाली सेनाले रारा ट्रेल रनको आयोजना गरेको थियो । शुक्रबार आयोजित ट्रेल रनमा पुरूषतर्फ कनकासुन्दरी गाउँपालिका-३ जुम्लाका युगराज बुढाले निर्धारित दूरी एक घण्टा १२ मिनेटमा पार गर्दै प्रथम भएका थिए भने सोही गाउँपालिकाका-१ का सोमबहादुर रावत द्वितीय र वडा नं २ का चन्द्र रावतले तृतीय स्थान प्राप्त गरेका थिए ।

महिलातर्फ पातारासी गाउँपालिका-२ जुम्लाकै सुनमाया बुढा प्रथम, कल्पना बुढा द्वितीय र राज्यलक्ष्मी रावल तृतीय भएको आयोजक हनुमान ध्वज गुल्म राराका गुल्मपति खिमबहादुर अधिकारीले जानकारी गराए । प्रथम हुने खेलाडीलाई उत्तर पश्चिम पृतनापति तथा उपरथी अनुपजङ्ग थापाले, द्वितीय हुने खेलाडीलाई बाहिनीपति तथा सहायकरथी सञ्जय देउजा र तृतीय हुने खेलाडीलाई प्रमुख जिल्ला अधिकारी कमलप्रसाद पाण्डेले नगद पुरस्कार, प्रमाणपत्र र मेडल वितरण गरेका थिए ।

प्रथम हुने खेलाडीलाई नगद रू ५० हजार, द्वितीयलाई रू ३० हजार र तृतीयलाई २० हजार नगदसहित प्रमाणपत्र र मेडलसहित पुरस्कार प्रदान गरिएको छ ।

पाँचौं रारा ट्रेल रनमा सहभागी २१३ जना खेलाडीमध्ये ५५ वर्षीय उत्तर पश्चिम पृतनापति अनुपजङ्ग थापा ज्येष्ठ खेलाडी सहभागी भएका थिए । कर्णालीको पर्यटनको प्रचारप्रसार गर्न र जगबाटै राष्ट्रिय अन्तरराष्ट्रिय खेलाडी उत्पादन गर्ने उद्देश्यले नेपाली सेनाले प्रत्यक वर्ष रारा ट्रेल रनको आयोजना गर्दै आएको छ ।

# मेयर कप ब्याडमिन्टन प्रतियोगिता सुरु

**नेपालगञ्ज (प्रस)–** पूर्वखेलाडीहरूको सक्रियतामा नेपालगञ्जमा शुक्रबारदेखि प्रथम नगरस्तरीय 'मेयर कप' ब्याडमिन्टन प्रतियोगिता सुरु भएको छ ।

पूर्वखेलाडी समाज बाँकेको आयोजना र नेपालगञ्ज उपमहानगरपालिकाको आर्थिक सहयोगमा सुरु भएको ब्याडमिन्टन प्रतियोगिताको नगर प्रमुख प्रशान्त विष्टले उद्घाटन गर्दै नेपालगञ्ज खेलाडीहरूको उर्वर भूमि भएको बताए ।

समाजले नेपालगञ्ज रंगशालास्थित कभर्डहलमा यु-१५ ब्वाइज सिंगल र मेन्स डबल बी लेबल ब्याडमिन्टन प्रतियोगिता आयोजना गरेको हो । प्रतियोगितामा ब्वाइज यु-१५ तर्फ ३७ जना र मेन्स डबल्सतर्फ ३२ टोलीको सहभागिता रहेको प्राविधिक प्रमुख जयन्तकुमार श्रेष्ठले जानकारी दिए । ब्वाइज यु-१५ तर्फ प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु १० हजार, रु पाँच हजार र रु दुई हजार ५०० तथा मेन्स डबल्समा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु २० हजार, रु १० हजार र रु पाँच हजार नगद पुरस्कार प्रदान गरिने छ । समाजले यही जेठ १६ देखि १८ गतेसम्म विद्यालयस्तरीय महिला एवं पुरुष भलिबल प्रतियोगिता पनि आयोजना गर्दैछ । प्रथम, द्वितीय र तृतीय हुने टोलीलाई क्रमशः रु २० हजार, रु १५ हजार र रु १० हजार पुरस्कार प्रदान गरिनेछ ।

## सूर्य नेपाल च्यालेन्ज

# कोर्स रेकर्डसहित शुक्र च्याम्पियन

■ प्रभाव संवाददाता




**काठमाडौं–** पूर्व नम्बर एक गल्फर शुक्र बहादुर राईले कोर्स रेकर्डसहित सूर्य नेपाल च्यालेन्ज गल्फको उपाधि जितेका छन् । सूर्य नेपाल गल्फ टुर २०२४-२५ अन्तर्गत शुक्रबार सम्पन्न सातौं प्रतियोगितामा शुक्र बहादुरले समग्रमा १७-अन्डर २ सय ५५ को प्रभावशाली स्कोरमा निरज तामाङलाई ४ स्ट्रोकले हराउँदै उपाधि जिते ।

शुक्रले एमेच्योर खेलाडी सदभाव आचार्यको नाममा रहेको १५-अन्डर ५७ को रेकर्ड तोडे । सदभावले यही सिजन सूर्य नेपाल काठमाडौं ओपनमा सो रेकर्ड बनाएका थिए । अन्तिम दिन ६-अन्डर ६२ को स्कोर बनाएका शुक्रले उपाधिसँगै नगद १ लाख १० हजार प्राप्त गरे । उनको यो करियरको एघारौं उपाधि हो ।

यो सिजन तीन उपाधि जितेका निरजले आज ६-अन्डर ६२ को स्कोर जोडे । समग्रमा १३-अन्डर २ सय ५९ को स्कोरमा निरज दोस्रो भए । उनले नगद ७० हजार हात पारे । समग्रमा ८-अन्डर २ सय ६४ को स्कोरमा दिनेश प्रजापतिले तेस्रो स्थानमा प्रतियोगिता सकाए । शुक्रबार उनले ३-अन्डर ६५ को स्कोर बनाए । तेस्रो भएका उनले ५० हजार पाए ।

शुक्रबार १-ओभर ६९ स्कोर सहित समग्रमा ७-अन्डर २ सय ६५ को नतिजमा भुवन कुमार रोक्का चौथो हुँदा ४२ हजार प्राप्त गरे । समग्रमा ५-अन्डर २ सय ६७ सहित सञ्जय लामा पाँचौं भए । उनले ३-अन्डर ६५ को स्कोर तयार पारे । उनले ३७ हजार नगर पुरस्कार आफ्नो नाममा लेखाए ।

तोरण विक्रम शाही, साबिक विजेता रवि खड्का र वसन्त राज गुरूङले समग्रमा ४-अन्डर २ सय ६८ सहित संयुक्तरूपमा छैटौं स्थान बाँडे । उनीहरूलाई जनही ३० हजार प्राप्त गरे । समग्रमा १-अन्डर २ सय ७१ बनाएका नेपाल नम्बर एक भुवन नगरकोटीले नवौं स्थानमा चित्त बुझाए । उनले २-अन्डर ६६ स्कोर गरे । समग्रमा २-ओभर २ सय ७४ सहित रमेश अधिकारी दशौं भए । भुवनले २४ हजार ररमेशले २१ हजार हात पारे ।

अन्तिम १८ होलको सुरूवात गर्दा शुक्रसँग ३ स्ट्रोकको अग्रता रहेको थियो । उनले दोस्रो देखि पाँचौं होलसम्म लगातार चार बर्डी प्रहार गरे । उनलाई अन्य खेलाडीले चुनौती समेत दिन सकेनन् । फ्रन्ट नाइन ४-अन्डर ३०मा सकाए । यसपछि ५-पारको १० औं होलमा इगलको सफलता प्राप्त गरे । १३औं र १४औं होलमा एक-एक सट बचाए । १२औं र १८औं होलमा बोगी खेप्दै ब्याक नाइन २-अन्डर ३२ मा सकाए ।

निरजले पहिलो, चौथो र पाँचौं होलमा बर्डी प्रहार गर्दा सातौं होलको बोगीलेफ्रन्ट नाइन २-अन्डर ३२ मा पुरा गरे । यसपछि १०औं होलमा इगल तथा १२औं र १८औं होलको बर्डीले ब्याक नाइनमा ४-अन्डर ३० को नतिजा निकाले । दिनेशले फ्रन्ट नाइन १-अन्डर ३३ र ब्याक नाइन २-अन्डर ३२ मा सकाए । उनले पहिलो, चौथो सातौं, एघारौं र १६ औं होलमा एक-एक सट बचाए । आठौं र नवौं होलमा बोगी खेपे ।

एमेच्योरतर्फ समग्रमा ३-ओभर २ सय ७५ सहित राहुल विश्वकर्माले निश्चयजङ्ग रायमाझीलाई एक स्ट्रोकले हराउँदै उपाधि जिते । समग्रमा ४-ओभर २ सय ७८ सहित निश्चय दोस्रो भए । दुवैले आज २-ओभर ७० मा खेल सकाएका थिए ।

७२ होलको चार दिने प्रतियोगितामा ३६ प्रोफेसनल र ११ एमेच्योर गरी कुल ४७ खेलाडीको सहभागीता रहेको थियो ।कुल ६ लाख नगद पुरस्कार राशीरहेको प्रतियोगितामा शीर्ष २१ भित्र पर्ने प्रोफेसनल गल्फरहरूले पनि नगद प्राप्त गरे । विजयी खेलाडीहरूलाई सूर्य नेपाल प्रालिका डेपुटी जनरल मेनेजर( मार्केटिंग) केशव प्रधान, एनपिजिएका अध्यक्ष रविन्द्रमान श्रेष्ठ, एनपिजिएका सल्लाहकार घनश्याम थापा, नेपाल गल्फ संघका अध्यक्षटासी घले र रोयल नेपाल गल्फ क्लबका क्याप्टेन मिथुन राईले पुरस्कार वितरण गरे ।

प्रतियोगिताको अन्तिम दिन शनिबार प्रो-एम प्रतिस्पर्धा हुनेछ । जसमा एमेच्योर खेलाडीले प्रोफेशनल गल्फरसँग खेल्ने अवसर प्राप्त गर्नेछन् ।



**जापानको हिरोशिमा सहरका अधिकारीहरू सेनोटाफको ढुंगाको कोठामा राखिएका परमाणु बमपीडितहरूको सूची निकाल्दै । हिरोशिमा शान्ति स्मारक पार्कमा यसको अवस्था जाँच गर्न प्रत्येक पृष्ठलाई ध्यानपूर्वक पल्टाउने गरिन्छ ।** *तस्बिरः एएफपी*

# अमेरिकी सरकारले खोस्यो विदेशी विद्यार्थी भर्ना गर्ने हार्वर्डको अधिकार

**न्युयोर्क–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले बिहीबार हार्वर्ड विश्वविद्यालयको विदेशी नागरिकहरू (विद्यार्थी संख्याको एक चौथाइभन्दा बढी) भर्ना गर्ने अधिकार रद्द गरेको छ। यसले प्रतिष्ठित विश्वविद्यालयविरुद्ध राष्ट्रपतिको लडाइँलाई अझ तीव्र बनाएको छ।

म्यासाचुसेट्सको क्याम्ब्रिजमा रहेको यस विश्वविद्यालयले तुरुन्त यो कदमलाई 'गैरकानुनी' भन्दै आलोचना गरेको छ र यसले क्याम्पस र समग्र देश दुवैलाई 'गम्भीर हानि' पुऱ्याउने बताएको छ। हार्वर्डले भर्नाको निरीक्षण गर्न र यो यहुदी-विरोधी र 'जागृत' उदार विचारधाराको केन्द्र हो भन्ने आफ्नो दाबीलाई अस्वीकार गरेकामा यस विश्वविद्यालयसँग ट्रम्प क्रुद्ध छन्। हार्वर्डले १६२ जना नोबेल पुरस्कार विजेता उत्पादन गरेको छ।



'तत्काल प्रभावकारी, हार्वर्ड विश्वविद्यालयको विद्यार्थी र आदानप्रदान आगन्तुक (सेभिस) कार्यक्रम प्रमाणीकरण रद्द गरिएको छ,' गृहमन्त्री क्रिस्टी नोएमले आइभी लिगको संस्थानलाई पत्रमा लेखेको पत्रमा विदेशी विद्यार्थीहरूलाई संयुक्त राज्यमा अध्ययन गर्न अनुमति दिने मुख्य प्रणालीलाई उल्लेख गर्दै लेखेका छन्। हार्वर्डले तुरुन्त जवाफी कारबाही गर्दै यो कदमलाई 'गैरकानुनी' भनेको छ र यसविरुद्ध लिइएका अन्य दण्डात्मक उपायहरूको विरुद्धमा सरकारलाई मुद्दा हालेको छ।

'हामी हाम्रा अन्तर्राष्ट्रिय विद्यार्थी र विद्वानहरूलाई आतिथ्य गर्ने हार्वर्डको क्षमतालाई कायम राख्न पूर्णरूपमा प्रतिबद्ध छौं,' विश्वविद्यालयले वक्तव्यमा भनेको छ, 'हामी हाम्रो समुदायका सदस्यहरूलाई मार्गदर्शन र सहयोग प्रदान गर्न तुरुन्त काम गरिरहेका छौं। यो बदलाको कारबाहीले हार्वर्ड समुदाय र हाम्रो देशलाई गम्भीर क्षति पुऱ्याउने खतरा निम्त्याउँछ र हार्वर्डको शैक्षिक र अनुसन्धान मिसनलाई कमजोर बनाउँछ।'

## सबैजना त्रसित

गत महिना ट्रम्पले हार्वर्डले सरकारी मागहरू स्वीकार नगरे निजी संस्थालाई राजनीतिक पर्यवेक्षण बाहिर राखिनेछ भन्दै उक्त विश्वविद्यायलाई विदेशी विद्यार्थीहरू भर्ना गर्न रोक्ने धम्की दिएका थिए।

'मैले तपाईंलाई मेरो अप्रिलको पत्रमा व्याख्या गरेझैं विदेशी विद्यार्थीहरू भर्ना गर्नु एउटा विशेषाधिकार हो, सबै विश्वविद्यालयले यो विशेषाधिकार कायम राख्न विद्यार्थी र विनिमय आगन्तुक कार्यक्रम नियमहरूअन्तर्गत रिपोर्टिङ आवश्यकताहरू सहित गृह मन्त्रालयका आवश्यकताहरूको पालना गर्नुपर्दछ,' नोएमले लेखेका छन्।

'गृह मन्त्रालयलाई सान्दर्भिक जानकारी प्रदान गर्ने धेरै अनुरोधहरूको पालना गर्न तपाईंको अस्वीकारको परिणामस्वरूप यहुदी विद्यार्थीहरूका लागि शत्रुतापूर्ण असुरक्षित क्याम्पस वातावरण कायम राख्दै, हमासको समर्थनकारी सहानुभूतिलाई बढावा दिँदै र जातिवादी 'विविधता, समानता, र समावेशी' नीतिहरू प्रयोग गर्दै तपाईंले यो विशेषाधिकार गुमाउनुभएको छ,' उनले लेखेका छन्।

विश्वविद्यालयको तथ्यांकअनुसार २०२४-२५ शैक्षिक वर्षमा हार्वर्डको भर्नाको २७ प्रतिशतभन्दा बढी विदेशी विद्यार्थी थिए। 'यो घटनाक्रमले पहिले नै भर्ना भएका अन्तर्राष्ट्रिय विद्यार्थीहरूका लागि के अर्थ राख्छ भन्ने कसैलाई थाहा छैन,' चौथो वर्षकी अमेरिकी विद्यार्थी एलिस गोयरले भनिन्, 'हामीले भर्खरै समाचार प्राप्त गऱ्यौं, त्यसैले मैले धेरै अन्तर ाष्ट्रिय साथीहरूबाट सन्देशहरू पाइरहेकी छु, र मलाई लाग्छ सबैजना- कसैलाई थाहा छैन, सबैजना अलिकति त्रसित छन्।'

'मलाई शंका छ कि मानिसहरूले त्यसो गर्ने छन्,' नोएमले पत्रमा सुझाव दिएअनुसार विद्यार्थीहरूले स्वेच्छाले अन्य संस्थानहरूमा स्थानान्तरण गर्छन् कि भन्ने प्रश्नमा गोयरले भनिन्, 'म आशा गर्छु कि सायद त्यहाँ कानुनी लडाइँ हुनसक्छ।' रासस/एएफपी

# जापानमा चामलको मूल्यमा उच्च वृद्धि

**टोकियो–** जापानको मुख्य मुद्रास्फीति दर अप्रिलमा बढेर ३.५ प्रतिशत पुगेको छ। मुद्रास्फीतिका कारण चामलको मूल्य अघिल्लो बर्षको तुलनामा दोब्बर भएको सरकारी तथ्यांकले देखाएको छ।

ताजा खानाबाहेक उपभोक्ता मूल्य मापन, अघिल्लो महिना ३.२ प्रतिशत अर्थात् बजार पूर्वानुमानभन्दा माथि पुगेको छ। मुद्रास्फीतिका कारण सम्भवतः बैंक अफ जापानले ब्याज दरहरू बढाउने सम्भावना बलियो देखिएको छ। आन्तरिक मामिला मन्त्रालयका अनुसार मार्च महिनामा ऊर्जाबाहेकका सामानमा मूल्यवृद्धि २.९ प्रतिशत भएकोमा अप्रिलमा यो ३.० प्रतिशत कायम भएको छ।

समग्र असन्तुलित मुद्रास्फीति मार्च र यो महिनामा समान ३.६ प्रतिशत रहेको छ। करिब तीन वर्षदेखि आन्तरिक मुद्रास्फीति जापानको केन्द्रीय बैंकको दुई प्रतिशतको लक्ष्यभन्दा माथि रहेको छ। यद्यपि, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको व्यापार नीतिबाट उत्पन्न अनिश्चितताले केन्द्रीय बैंकलाई तत्कालका लागि आफ्नो वर्तमान अडानमा अडिग रहन प्रेरित गर्न सक्छ।

बैंकले मे महिनाको सुरुमा आफ्नो अन्तिम बैठकमा आफ्नो मुख्य ब्याजदर स्थिर राखेको थियो तर कर वृद्धिले विश्वव्यापी आर्थिक अनिश्चिततालाई बढावा दिइरहेको भन्दै बैंकले जापानका लागि आर्थिक वृद्धिको पूर्वानुमानलाई परिमार्जन गरेको छ। सन् २०२२ मा युक्रेनमा रुसी आक्रमणपछि जापानमा मुद्रास्फिति देखिएको थियो। चामलको मूल्यवृद्धि सरकारका लागि राजनीतिक टाउको दुखाइ बनेको छ।

शुक्रबार सार्वजनिक गरिएको आधिकारिक तथ्यांकअनुसार सन् २०२४ को अप्रिलको तुलनामा चामलको मूल्य ९८.४ प्रतिशतले बढेको छ। मूल्यवृद्धि नियन्त्रणका लागि सरकारले आफ्नो आपत्कालीन भण्डारको केही हिस्सा बजारमा पठाएको छ। सन् २०२३ मा अत्यधिक गर्मी मौसम (कम वर्षा र खडेरीका) का कारण खराब उत्पादन हुनु र गत वर्ष 'महाभूकम्प' को चेतावनीका कारण आत्तिएर किनमेल गर्नु पनि यो कमीको मुख्य कारण हो।

खपत बढ्नुमा पर्यटकको उच्च आगमनलाई पनि जिम्मेवार मानिएको छ भने केही व्यापारीले खाद्यान्न भण्डारण गरेको अनुमान गरिएको छ। यसै साता जापानका कृषिमन्त्री ताकु इटोले चामलको विषयमा भएको गडबडीका कारण जनआक्रोश उत्पन्न भएपछि राजीनामा दिएका थिए।

उनले सप्ताहन्तमा एक सभामा भने, 'मैले आफैंले कहिल्यै चामल किनेको थिइनँ किनभने मेरा शुभेच्छुकहरूले मलाई यति धेरै चामल दिन्छन् कि म व्यावहारिकरूपमा यसलाई बेच्न सक्छु।' इटोको राजीनामापछि प्रधानमन्त्री शिगेरु इशिबाले भने, 'म जापानी जनतासँग माफी माग्छु किनभने उनलाई नियुक्त गर्नु मेरो जिम्मेवारी हो।'

उनले भने, 'चामलको मूल्य उच्च छ भन्ने कुरा एकपटकको घटना होइन तर संरचनात्मक घटना हो। मलाई लाग्छ, हामीले यस विषयमा गहन छलफल गर्नुपर्छ र ती (चामलको मूल्य) अवश्य पनि घट्नुपर्छ।' क्यापिटल इकोनोमिक्सका मार्सेल थिलियान्टले भने, 'साप्ताहिक धानको मूल्यमा स्थिरताको संकेत देखिएको छ, त्यसैले चामलको मुद्रास्फीति केही समयपछि फेरि नरम हुन थाल्नुपर्छ। *रासस/एएफपी*

# 'डिसेम्बरसम्म' चुनाव गर्नुपर्ने बंगलादेशका सेना प्रमुखको चाहना

**ढाका–** बंगलादेशका शक्तिशाली सेना प्रमुखले देशका पूर्वप्रधानमन्त्री जनविद्रोहमा अपदस्थ भएपछिको पहिलो चुनाव डिसेम्बरसम्म गराउनुपर्ने बताएका छन्। सेनाप्रमुखको उक्त टिप्पणीलाई स्थानीय मिडियाले रिपोर्ट गरेको छ भने सैन्य स्रोतहरूले पनि बिहीबार पुष्टि गरेका छन्।




बंगलादेशी अखबारहरूका अनुसार जनरल वाकर-उज-जमानले बुधबार अधिकारीहरूलाई यदि अगावै चुनाव भएन भने यस वर्षको डिसेम्बरसम्ममा चुनाव गराउनुपर्ने बताएका छन्। करिब १७ करोड जनसंख्या भएको यो दक्षिण एसियाली राष्ट्र अगस्टमा तत्कालीन प्रधानमन्त्री शेख हसिनालाई अपदस्थ गर्ने विद्यार्थी नेतृत्वको विद्रोहदेखि राजनीतिक अशान्तिमा छ र सडकमा प्रदर्शन गर्ने दलले धेरै माग राखिरहेका छन्।

'बंगलादेश अराजक चरणबाट गुज्रिरहेको छ,' अखबारहरूका अनुसार वाकर-उज-जमानले भने, 'स्थिति दिनप्रतिदिन खराब हुँदै गइरहेको छ। नागरिक प्रशासन र कानुन प्रवर्तन निकायहरूको संरचना भत्किएको छ र पुनर्गठन गर्न असफल भएको छ।'

चुनावको कुनै मिति तोकिएको छैन तर अन्तरिम नेता, नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसले चुनाव ढिलामा सन् २०२६ जुनसम्ममा गराइने बताएका छन्। तर चुनावमा अग्रणी उम्मेदवारका रूपमा हेरिएको प्रमुख बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी) ले बारम्बार चुनावको मिति माग गरेको छ। बिएनपीले बुधबार राजधानी ढाकामा विरोध प्रदर्शन गऱ्यो। महत्त्वपूर्ण कुरा के हो भने उनीहरूले पहिलोपटक कार्यवाहक सरकारविरुद्ध प्रदर्शन गरे।

एक अधिकारीको प्रश्नको जवाफमा सेना प्रमुखले कथित रूपमा भने, 'चुनाव डिसेम्बरसम्म गराउनुपर्छ, यदि त्यो भन्दा पहिले भएन भने।' उनले अधिकारीहरूलाई 'चुनावको समयमा इमानदारी र निष्पक्षताका साथ आफ्नो कर्तव्य पूरा गर्न' पनि भनेको बताइएको छ।

गत वर्ष अगस्टमा हसिनालाई अपदस्थ गरिएको र सेनाले छोटो समयका लागि नियन्त्रण लिएको घोषणा गर्ने व्यक्ति वाकर-उज-जमान नै थिए। केही दिनपछि उनले ८४ वर्षीय युनुसलाई सत्ता हस्तान्तरण गरे। युनुसले अर्को चुनावसम्म आफूले कार्यवाहक सरकारको नेतृत्व गर्ने बताएका छन्।

सैन्य प्रवक्ता लेफ्टिनेन्ट कर्नल सामी-उद-दौला चौधरीले सेना प्रमुख वाकर-उज-जमानले बुधबार अधिकारीहरूलाई सम्बोधन गरेको तर 'बैठक गोप्य थियो' भनी पुष्टि गरे। तर बैठकको प्रत्यक्ष जानकारी भएका तीनवटा स्रोतले सेना प्रमुखले चुनाव गराउने आवश्यकतामा जोड दिएको र डिसेम्बरसम्ममा सम्पन्न गर्नुपर्ने बताएको भनेका छन्। आफ्नो शान्त व्यवहारका लागि परिचित वकर-उज-जमान सत्रको समयमा निराश र असन्तुष्ट देखिएको बताइएको छ। *रासस/एएफपी*

# भन्सार शुल्कमा ट्रम्पलाई जापानी प्रधानमन्त्रीको दबाब

**टोकियो–** जापानका प्रधानमन्त्री शिगेरु इसिबाले शुक्रबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई कर कम गर्ने विषयमा नयाँ वार्ताअघि फोनवार्तामा फेरि दबाब दिएको बताएका छन्।

अमेरिकाको प्रमुख सहयोगी र यसको सबैभन्दा ठूलो लगानीकर्ता जापानमाथि अधिकांश राष्ट्रमा लगाइएका समान १० प्रतिशत आधारभूत भन्सार शुल्क र कार, स्टिल र एल्युमिनियममा कडा भन्सार शुल्क लगाइएको छ। ट्रम्पले अप्रिलको सुरुमा जापानमाथि २४ प्रतिशत 'पारस्परिक' कर लगाउने घोषणा पनि गरेका थिए तर पछि अन्य देशमा लगाइएका समान उपायहरूसँगै ती जुलाईको सुरुसम्मका लागि स्थगित गरे।





इसिबाले शुक्रबार बिहान आफूले बिहीबार साँझ वासिङ्टनमा ट्रम्पसँग ४५ मिनेट कुरा गरेको र 'भन्सार शुल्क र आर्थिक सुरक्षासहित विभिन्न विषयहरूमा छलफल भएको' बताए। 'मैले उनलाई अमेरिकी भन्सार शुल्कको विषयमा जापानको अवस्था बताएँ, भन्सार शुल्क हटाउने हाम्रो आग्रहमा कुनै परिवर्तन छैन,' इसिबाले टोकियोमा पत्रकार सम्मेलनमा भने, 'मैले पहिले भनेजस्तै, यो केवल भन्सार शुल्कको मात्र कुरा नभई लगानीको पनि कुरा हो। जापान र अमेरिकाले अमेरिकामा रोजगारी सिर्जना गर्न सहयोग गर्ने हाम्रो अवस्थामा पनि कुनै परिवर्तन हुने छैन।'

यो टिप्पणी जापानका भन्सार शुल्क दूत, आर्थिक पुनरुत्थानमन्त्री रियोसेई अकाजावा तेस्रो चरणको वार्ताका लागि वासिङ्टन प्रस्थान गर्दा आएको हो। 'अमेरिकाले चालेका भन्सार शुल्क उपायहरूको शृंखला खेदजनक छ। हामी यी उपायहरूको समीक्षाको कडा माग गर्नेछौं,' अकाजावाले टोकियोको हानेडा विमानस्थलमा पत्रकारहरूलाई भने, 'तर हामीले एउटा सम्झौतामा पुग्नुपर्छ, त्यसैले यो दुवै पक्षका लागि विन-विन हुनुपर्छ। हामी अमेरिकी पक्षको विभिन्न प्रस्ताव र विचारहरू ध्यानपूर्वक सुन्छौं र दुई पक्षबीच साझा आधार खोज्छौं।'

सार्वजनिक प्रसारक एनएचके र अन्य जापानी मिडियाले सरकारी स्रोतलाई उद्धृत गर्दै अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले यसपटक वार्तामा भाग नलिने बताएका छन्। रिपोर्टहरूका अनुसार अकाजावा मे ३० मा फेरि वासिङ्टन जाने छन्। ट्रम्पको २५ प्रतिशत अटो भन्सार शुल्क टोकियोका लागि विशेषगरी पीडादायक छ, किनकि जापानका लगभग आठ प्रतिशत जागिरहरू यस क्षेत्रसँग जोडिएका छन्।

यसै महिनाको सुरुमा ट्रम्प प्रशासनले इन्जिन र ट्रान्समिसनसहित अटो पार्ट्समा २५ प्रतिशत नयाँ आयात कर लगाएको थियो। फेब्रुअरीमा ह्वाइट हाउसमा इसिबाले ट्रम्पलाई वार्षिक जापानी लगानी १० खर्ब डलरसम्म बढाउने वाचा गरेका थिए।

'हालैका अमेरिका-चीन र अमेरिका-बेलायत व्यापार सम्झौताहरूले वासिङ्टनले व्यापार तनाव कम गर्ने लक्ष्य राखेको संकेत गरेता पनि जापान-अमेरिका वार्ताले थोरै प्रगति गरेको छ,' मुडिज एनालिटिक्सका स्टेफन एंग्रिकले भने, 'अमेरिकामा विश्वको सबैभन्दा ठूलो विदेशी लगानीकर्ताका रूपमा जापानको स्थितिले यसलाई करको खतराबाट जोगाएको छैन, त्यसैले थप लगानीको वाचा गर्नु एउटा अविश्वसनीय मोलतोल हो।' *रासस/एएफपी*


**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०२/१०**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व. २०८१/०८२ मा उत्पादन भइ घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ६२ को ६५५.७६ घनफिट काठ र साल जातको दाउरा १.०० चट्टा तथा खयर जातको गोलिया थान १७२ को २९३.२६ घनफिट काठ जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ।

**पारिपाखा हर्दाडाँडा सामुदायिक वन उपभोक्ता समूह**
**बागमती- ७, मकवानपुर**



**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०२/१०**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व. २०८१/०८२ मा उत्पादन भएको तथा जिल्ला वन पैदावार आपूर्ति समितिबाट फिर्ता भइ घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान १६९ को १९४७.८१ घनफिट काठ र साल जातको दाउरा १.०० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ।

**महाङ्काल सामुदायिक वन उपभोक्ता समूह**
**बागमती- ९, मकवानपुर**



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९०४०० | प्रति तोला – ० | प्रति तोला – २००५ |



**मकै खेती** | सर्लाहीको बागमती नगरपालिका–११, चुरेस्थित हिरेडाँडामा पानी परेपछि मकै गोड्दै किसानहरू । यहाँका गाउँघरमा सबै मिलेर सामूहिक खेती गर्ने अर्मपर्मको प्रचलन अझै कायमै छ ।
*तस्बिर : श्रवण थापा/रासस*


# अर्थतन्त्र 'सुधार कार्यान्वयन कार्ययोजना' जारी

■ प्रभाव संवाददाता

**काठमाडौं –** आर्थिक सुधार कार्यान्वयन कार्ययोजना, २०८२ जारी भएको छ । उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग, २०८१ ले दिएका सुझाव कार्यान्वयनका लागि सरकारले कार्ययोजना ल्याएको हो । गत वैशाख २ गते नेपाल सरकार मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव चुडामणि पौडेलको संयोजकत्वमा राजस्व सचिव दिनेशकुमार घिमिरे र उद्योग सचिव कृष्णबहादुर राउत सदस्य रहेको कार्ययोजना निर्माण समिति बनाइएको थियो ।

उक्त समितिलाई पूर्वसचिव रामेश्वरप्रसाद खनालको अध्यक्षतामा गठित उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदनले दिएका सुझावहरू कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने जिम्मेवारी दिइएको थियो । समितिले खनाल प्रतिवेदन कार्यान्वयनका लागि क्षेत्रगत तथा मन्त्रालयगत जिम्मेवारी र समयसीमासहितको कार्ययोजना तयार पारेको प्रतिवेदनमा उल्लेख छ । 'सम्बन्धित मन्त्रालयले माइलस्टोनसहित स्पष्ट र कार्यान्वयनयोग्य कार्ययोजना तयार गरी आफ्नो वार्षिक कार्यक्रममा समावेश गरेर कार्ययोजनामा उल्लिखित क्रियाकलापहरू समयमै सम्पन्न गर्नुपर्नेछ,' प्रतिवेदनमा भनिएको छ, 'यस कार्ययोजनालाई आन्तरिकीकरण गरी विस्तृत कार्ययोजना तयार गरेर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनुपर्ने जिम्मेवारी सम्बन्धित मन्त्रालयको हुनेछ ।'

कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहको पनि महत्वपूर्ण भूमिका रहने जनाइएको छ । अर्थतन्त्र सुधारका लागि छ महिनादेखि तीन वर्षसम्म सम्पन्न गरिसक्नुपर्ने समयसीमासहित कार्ययोजना तयार पारिएको छ । बैङ्किङ प्रणालीको सञ्चालन लागत कम गर्न, क्षमता अभिवृद्धि र वित्तीय स्थायित्व काम गर्न कर्जा र निक्षेपको ब्याजदर अन्तर एक वर्षभित्र कम गरिसक्ने लक्ष्य राखिएको छ । यीलगायत कामहरू एक वर्षभित्र गरिसक्नेगरी पनि समयसीमा निर्धारण गरिएको छ । आगामी एक वर्षभित्र अर्थतन्त्रमा ब्याजदर उतारचढावलाई सम्बोधन गर्न ऋणपत्र बजारको विकास गर्ने काम पनि सकिसक्ने भनिएको छ ।


आर्थिक सुधार कार्यान्वयन कार्ययोजना,
२०८२
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार काठमाडौं
२०८२

मुद्रास्फीति नियन्त्रणका लागि सरकारी खर्च कटौती तथा अप्रत्यक्ष करका दरहरूमा कमी ल्याउने काम पनि एक वर्षभित्र गरिसक्ने कार्ययोजनामा उल्लेख छ । भारतीय रूपैयाँसँगको विनिमय दरको विकल्पमा अध्ययन तथा अनुसन्धान गर्ने काम पनि आगामी एक वर्षभित्र गरिसक्ने सरकारको योजना छ । यस्तै, आगामी दुई वर्षभित्र विभिन्न १४ वटा ऐन खारेज गरिसक्ने पनि कार्ययोजनामा उल्लेख छ । त्यस्ता ऐनमा आयकर टिकट दस्तुर ऐन २०१९, कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२, निजी वन जङ्गल राष्ट्रियकरण ऐन २०१३, प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०१३, क्षतिपूर्ति ऐन २०१९, बिर्ता उन्मूलन ऐन २०१६ लगायत रहेका छन् । यी ऐन खारेज गर्न समितिले सिफारिस गरेको थियो ।

यसैगरी, बिर्तावालले बिर्तामा रकम लगाई लिन खान नपाउने ऐन २०१५, राजस्व चुहावट ऐन २०५२, विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन २०२१, नेपाल एजेन्सी ऐन २०१४, प्रादेशिक विकास योजनाहरू ऐन २०१३, सामाजिक व्यवहार सुधार ऐन २०३३, नेपाली मुद्राको चलनचल्ती बढाउने ऐन २०१४ र वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ लाई आगामी दुई वर्षभित्र खारेज गरिसक्ने गरी कार्ययोजना बनाइएको छ ।

ज्येष्ठ नागरिक भत्ता पाउने उमेर ७० वर्ष कायम गर्ने तथा भत्ता पाउन राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने काम एक वर्षभित्र सकिसक्नेसमेत भनिएको छ । यस्तै, संघीय शासन प्रणाली अनुरूपको प्रशासनिक पुनःसंरचना गर्ने, प्रदेश र स्थानीय तहको खर्चलाई एकल खाता प्रणालीमा ल्याउने, तीनवटै तहका लागि एकीकृत आयोजना बैंक सूचना प्रणाली तयार गरी कार्यान्वयन गर्ने काम पनि आगामी एक वर्षभित्र गरिसक्नेगरी कार्ययोजना बनाइएको छ ।

लुम्बिनी विकास कोष र पशुपति विकास कोषजस्ता सालबसाली प्रकृतिका आयोजनालाई राष्ट्रिय गौरवका आयोजनाबाट आगामी छ महिनाभित्र हटाई सक्न भनिएको छ । मूल्य अभिवृद्धि कर ऐनमा कर छलीविरुद्धको सामान्य नियमहरूसम्बन्धी प्रावधान थप गर्ने, अन्तःशुल्क लाग्ने वस्तुहरूको संख्या क्रमशः घटाउँदै जनस्वास्थ्य र पर्यावरणमा दुष्प्रभाव पार्ने वस्तुहरूमा मात्र सीमित गर्ने काम एक वर्षभित्र गरिसक्ने भनिएको छ । प्रदेश तथा स्थानीय तहमा तिर्ने कर तथा गैरकर राजस्वलाई प्यान नम्बरसँग आबद्ध गर्ने, निर्यातमा हुने आयमा १० प्रतिशत मात्र आयकर लगाउने र सरकारको स्वामित्वमा रहेका संस्थानहरूलाई पब्लिक लिमिटेड कम्पनीमा परिणत गरी निजी क्षेत्रलाई शेयर बिक्री गर्ने काम पनि आगामी एक वर्षभित्र गरिसक्ने गरी कार्ययोजना बनाइएको छ ।

यस्तै, जनकपुर चुरोट कारखाना, बुटवल धागो कारखाना, नेपाल इञ्जिनियरिङ कन्सल्टेन्सी सेवा केन्द्र, नेसनल कन्स्ट्रक्सन कम्पनी नेपाल र नेपाल ओरियन्ट म्याग्नेसाइट प्रालिलाई खारेग गरी यी संस्थाका नाममा रहेको अचल सम्पत्ति सरकारका नाममा ल्याई व्यवस्थापन गर्नका लागि एक वर्षको समय दिइएको छ । यस्तै, हेटौंडा सिमेन्ट उद्योग र उदयपुर सिमेन्ट उद्योगलाई गाभेर सरकारको स्वामित्व केही हिस्सा मात्र राखेर बाँकी शेयर निजी क्षेत्रलाई बिक्री गर्ने काम पनि आगामी एक वर्षभित्र गरिसक्ने गरी कार्ययोजना बनाइएको छ ।

नेपाल वायुसेवा निगमको पुनःसंरचना गरी बाह्य रणनीतिक साझेदार भित्र्याएर व्यावसायिक ढङ्गले व्यवस्थापनको काम आगामी दुई वर्षभित्र गरिसक्ने भनिएको छ । यस्तै, दुग्ध विकास संस्थानलाई सबै प्रदेशमा रहनेगरी प्रदेश सरकारको सार्वजनिक संस्थानका रूपमा परिणत गर्ने काम आगामी दुई वर्षभित्र गरिसक्ने भनिएको छ ।

# नेपाल वायुसेवा निगमलाई प्रभावकारी बनाउन अध्यक्ष ढकालको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) लाई प्रभावकारी बनाउँदै सञ्चालन गर्नुपर्ने सुझाव दिएका छन् ।

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सहयोग तथा नेपाल पर्यटन बोर्ड र नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) को आयोजनामा शुक्रबारदेखि यहाँ सुरू भएको तेस्रो बुद्धिस्ट इन्टरनेसनल ट्राभल मार्ट (बिआइटिएम)को उद्घाटन कार्यक्रममा उनले कनेक्टिभिटीका लागि नेपाल वायुसेवा निगमलाई थप प्रभावकारी बनाउँदै सञ्चालन गर्नुपर्नेमा जोड दिए ।



उनले भने, 'हाम्रा दुई छिमेकी देशहरू भारत र चीनमा बौद्ध अनुयायीहरूको संख्या बढी छ । उहाँहरू पनि यहाँ आउन इच्छुक हुनुहुन्छ । हामीले छिमेकी मुलुकबाट पर्यटक यहाँ सोहीअनुसार योजना बनाउनुपर्छ । यहाँका उत्पादनको 'ब्रान्डिङ' गर्नुका साथै पर्यटक लक्षित 'प्याकेज'हरू तयार गर्नुपर्छ ।'

पर्यटन प्रवर्द्धनका लागि पूर्वाधारको विकाससँगै कनेक्टिभिटी बढाउन पनि सरोकार भएका निकायलाई अध्यक्ष ढकालले आग्रह गरे । मार्टले नेपाललाई बौद्ध पर्यटन केन्द्रका रूपमा स्थापित गर्न मद्दत गर्ने उल्लेख गर्दै उनले मार्टलाई परिस्कृत गरी ब्रान्डका रूपमा विकास गर्नुपर्नेमा जोड दिए ।

उनले बौद्ध पर्यटन प्रवर्द्धनका लागि नेपालको लुम्बिनीसहित बुद्धसँग सम्बन्धित बौद्ध तीर्थस्थलहरू तथा भारतमा रहेका तीर्थस्थलहरूसँग जोडेर 'बौद्ध सर्किट' विकास गर्नुपर्ने बताए । अध्यक्ष ढकालले विश्वभरका बौद्ध धर्मावलम्बीलाई कम्तीमा एक पटक बुद्धको जन्मस्थल लुम्बिनीको भ्रमण गर्नुपर्छ भन्ने सन्देश दिन तथा सोहीअनुरूप पर्यटक आगमन बढाउन सकेमा नेपाल आर्थिक रूपमा सबल हुनुका साथै पर्यटनको आयाम परिवर्तन गर्न सकिने धारणा राखे ।

अध्यक्ष ढकालले नेपालको हवाई भाडा महँगो हुँदाहुँदै सरकारले टिकटमा भ्याट लगाउँदा भाडा थप महँगो हुन गएको बताउँदै यसमा समीक्षा गर्न आग्रह गरे । नेपालमा पर्यटनको सम्भावना अत्यधिक रहेको बताउँदै उनले सरकार र निजी क्षेत्रले सहकार्य तथा समन्वय गरी यसबाट लाभ उठाउनसक्ने उल्लेख गरे ।

विदेशी लगानीकर्तालाई पनि यहाँको पर्यटन क्षेत्रमा पर्याप्त सम्भावना भएकाले ढुक्कसँग लगानी गर्न उनले आग्रह गरे ।

# पोखरामा एकै याममा दुई करोडको तरबुजा

**गण्डकी (प्रस)–** पोखरा महानगरपालिकाको सहयोगमा पोखरा-१३ र १४ का किसानलाई प्रेरित गर्न कुँडहरमा प्रारम्भ भएको तरबुजाखेतीमा एकीकृत शत्रुजीव व्यवस्थापन (आपिएम) कृषक पाठशाला प्रभावकारी बनेको छ । बीउदेखि उत्पादनको बजारीकरणसम्म सहयोग पुऱ्याउने गरी कृषि प्राविधिकको प्रत्यक्ष निगरानी एवं स्थलगत प्रशिक्षणका कारण पाठशालामार्फत तरबुजाखेती सम्बन्धमा धेरै कुरा सिक्ने अवसर मिलेको सूर्यचन्द्र कृषक समूहका सहसचिव मिलन अधिकारीले जानकारी दिए ।

किसानले समूहगत रूपमा १४ रोपनीमा सामूहिक तरबुजाखेती गरेका छन् भने व्यक्तिगत रूपमा पनि ठाउँठाउँमा तरबुजाखेती गरिएको छ । यस वर्ष लगाइएको तरबुजाखेतीले किसानलाई उत्साहित बनाएको तथा खेतीको सम्भावना बढाएको बताउँदै उनले आगामी वर्ष यहाँका धेरै किसानले तरबुजाखेती गर्ने विश्वास व्यक्त गरे । महानगरपालिकाकी कृषि प्राविधिक उमा पुनका अनुसार तरबुजाखेतीमा कुल १७ हप्ता समयावधिको पाठशालाका क्रममा प्रत्येक आइतबार यहाँका किसानसँग कृषि प्राविधिकसहित स्थलगत अध्ययन-अनुसन्धान भइरहेको छ ।

# हेटौंडा औद्योगिक क्षेत्रमा थपिए चार उद्योग

■ प्रभाव संवाददाता

**बागमती–** हेटौंडा औद्योगिक क्षेत्रमा उद्योग विस्तारको क्रम क्रमशः बढ्दै गएको छ । हालै त्यहाँ चारवटा नयाँ उद्योग थपिएका छन् । औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका सूचना अधिकारी रमेशराज नेपालका अनुसार गत वैशाखदेखि लक्की पोलि इन्डस्ट्रिजले प्लाष्टिकका सामान र टोटल प्याकेजिङले प्लाष्टिकको बोरा उत्पादन थालेका छन् । गत माघदेखि थ्रिस्टार ग्रुपले रङ्गीन तथा सादा कर्कटपाता र बाबा मेनिफ्याक्चरले टिनका बाकस बनाउन थालेका छन् ।

औद्योगिक क्षेत्रमा हाल १० वटा उद्योगका संरचना निर्माणाधीन छन् । तीमध्ये अधिकांशको निर्माण अन्तिम चरणमा पुगेको छ । लामो समयदेखि बन्द रहेका छवटा उद्योगमध्ये सुप्रिम मेटल उद्योगले पनि फलामको काटी उत्पादन सुरु गरेको सूचना अधिकारी नेपालले बताए । विभिन्न कारणले बन्द रहेका अन्य पाँचवटा उद्योग सञ्चालनका लागि सञ्चालकसँग सम्पर्क समन्वय भइरहेको उनले बताए । उनका अनुसार बन्द रहेकामध्ये डाइनेष्टी डिष्टलरी, ग्रिन गोल्ड इन्टरनेशनल प्रालि, साउथ एसियन पोलिपाइप प्रालि र बानियाँ मल्टि प्रोडक्ट प्रालि पुनः सञ्चालनको तयारी भइरहेको सञ्चालकहरूबाट जानकारी प्राप्त भएको छ ।

अमेरिका सरकारको सहयोगमा २०२० साल मङ्सिर २० गते स्थापना भएको औद्योगिक क्षेत्रमा हाल एक सय ४६ उद्योग तथा प्रतिष्ठानले जग्गा भाडामा लिएर व्यवसाय सञ्चालन गरिरहेका छन् ।

कुल तीन हजार २२८ रोपनी क्षेत्रफलमा फैलिएको औद्योगिक क्षेत्रभित्रमा खाद्य उद्योग, युनाइटेड ब्रुअरी , गोर्खा ब्रुअरी कम्पनी, एसियन पेन्ट्स, पशु आहारा दाना उद्योग, कार्टुन उद्योग प्रमुख उद्योगका रूपमा सञ्चालनमा छन् ।

औद्योगिक क्षेत्रमा सरकारी स्वामित्वका हेटौंडा दुग्ध वितरण आयोजना, प्रदेश खाद्य तथा गुण नियन्त्रण कार्यालय, प्रदेश बीउबिजन कम्पनी, प्रदेश माटो परीक्षण कार्यालय, इलाका प्रहरी कार्यालय र नेपाल बैंक लिमिटेड सञ्चालनमा छन् ।

कुल जग्गा क्षेत्रफलमध्ये हाल भाडामा दिएको दुई हजार १७८ रोपनी, खाली जमिन २६ दशमलव ५२ रोपनी र युटिलिटी सेवाले ओगटेको सडक सञ्जाल, विद्युतीकरण, ढल निकासलगायत संरचना निर्माण क्षेत्रफल पाँच सय ९७ रोपनी रहेको छ । औद्योगिक क्षेत्रभित्र कार्यालयबाट निर्मित औद्योगिक भवन १०, गोदाम ११ र अन्य भवन ३४ वटा छन् ।

औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले औद्योगिक क्षेत्रहाताभित्रका उद्योग- प्रतिष्ठानका भवन, गोदाम, क्वार्टर र जग्गाबाट पनि बहाल सङ्कलन गर्दै आएको छ ।

कृषि उत्पादन बढाऔं

- खेतबारी बाँझो नराखौं, उत्पादनमा जोड दिऔं,
- जैविक मल र जैविक विषादीको प्रयोग बढाऔं,
- स्थानीय वीउविजन तथा रैथाने बालीको संरक्षण गरौं,
- प्रांगारिक वस्तुको उत्पादन र उपभोगलाई प्रवर्द्धन गरौं,
- कृषि तथा पशुपंक्षी पालनसम्बन्धी तालिम, गोष्ठी तथा सेमिनारमा सहभागी होऔं,
- कृषि अनुदानको सही सदुपयोग गरौं,
- बाली तथा पशुपंक्षीमा समस्या देखिए कृषि प्राविधिकसँग सल्लाह सुझाव लिऔं,

**कृषि पेशाको सम्मान गरौं, कृषकलाई प्रोत्साहन गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ